काठमाडौं, जि.प्र.का.
दर्ता नं २३२/०७३/०७४

'स्तरीय एवम् मौलिक सङ्गीतको धार – नेपाली गीतसङ्गीतको आधार'

www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine पाक्षिक

सम्पूर्ण संगीत समाचारका लागि डाउनलोड गर्नुहोस्

वर्ष ८, अंक २०, ०८१ साउन १ गते July 16, 2024 मूल्य रु.१५/



## कलाकारितामा समर्पित तेजबहादुर

रहरै रहर बोकेर कलाकारिता क्षेत्रमा प्रवेश गरेका कलाकार तेज बहादुर तामाङले जीवनको अन्तिम लक्ष्य पनि कलाकारिता नै रोजेका छन् । चलचित्रको पर्दामा होस् या म्यूजिक भिडियोमा देखिएका पात्रहरू, अरूले गरेको अभिनय तथा नृत्यले उनको मनभित्रबाट नै कलाकार बन्ने रहर जागेर आउँथ्यो । पर्दामा देखिएका कलाकार जस्तै बन्ने सपना देखेका थिए । तर बाध्यताले लाहुरे बनायो । कलासंस्कृति, साहित्यको उर्बरभूमि पुनर्बासमा जन्मिएका उनीभित्र पनि कलाकार हुने सपना जागिरहेको थियो । उनको मन लाहुरतिर अडेन । अन्ततः कलाकारितामा रहने संकल्प गर्दै कलाकारिता यात्रा शुरू गरे । विस्तृत पृष्ठ ५ मा



## क्यान्सर रोगीहरूको सहयोगार्थ 'तारा थापा स्वर्णिम साँझ'



विस्तृत पृष्ठ ३ मा

## रमेशको गीति लेखनमा ३५ वर्ष: "बटुलेर सास"देखि 'कुरा सिधै छ'सम्म



विस्तृत पृष्ठ ७ मा



## गोविन्द मधुरको संघर्षदेखि सफलतासम्म

"कतिले कहाँ हराएको थियो यति मीठो आवाज भनेर कमेन्ट गर्नु भएको छ । आवाज हराएको होइन, श्रोताको कानसम्म त्यो आवाज नपुगेको मात्र हो । त्यसैगरी सयौंचोटी सुन्दा पनि धित मर्दैन, जति सुनो उति सुनौं लाग्ने गीत' भन्ने भावका प्रशस्तै कमेन्टहरू अहिले पनि पढ्न पाइन्छ । उनको स्वरमा रहेको गीत 'एकदिन उज्यालो छाउला मेरो पनि दिन आउला'ले धेरैको मनलाई आनन्द दियो, कानलाई शितलता दियो, उनको आफ्नै लागि पनि साँच्चै दिन आएको छ ।"



## रिलिज कर्नर

### गणेशको शब्द, समिक्षा र प्रकाशको स्वरमा "म आएको तिमीलाई देखेर"




म्यूजिकखबर । लामो समयदेखि सांगीतिक क्षेत्रमा योगदान पू्याउँदै आएका गीतकार गणेश चौलागाईंको शब्दमा 'म आएको तिमीलाई देखेर' बोलको म्यूजिक भिडियो सार्वजनिक भएको छ । हाल परदेशी भूमी रोमानियालाई कर्मथलो बनाउँदै आएका गणेशले नै गीतमा संगीत भरेका हुन् । सार्वजनिक गीतमा भर्सटायल गायिका समिक्षा अधिकारी र प्रकाश सापकोटाको स्वर रहेको छ । सुदिप सागरले संगीत संयोजन गरेको गीतलाई कुमार रानाले मिक्सिङ तथा मास्टरिङ गरेका हुन् ।

गीतको भिडियोमा विजय पुन र अस्मिता पुरीको अभिनय तथा नृत्य रहेको छ भने स्मृति तिमल्सिना गुरुआमाले नृत्य निर्देशन तथा कोरियोग्राफी गरेकी छन् । सुवास रेग्मीले निर्माण रहेको म्युजिक भिडियोमा अजय रेग्मीको छायांकन र मनोज कार्कीको सम्पादन रहेको छ । लोक शैलीको रोमान्टिक गीतमा युवायुवतीले माया प्रेमको कुरा र एकअर्काप्रतिको भावना दर्शाएका छन् । गीतको भिडियो विन्दवासिनी म्युजिकको युट्युब च्यानल मार्फत सार्वजनिक गरिएको हो ।

### गायक विश्वरामको 'तनाबै तनाब छ'




म्यूजिक खबर । गायक विश्वराम कार्कीले नयाँ गीत ल्याएका छन् । 'तनाबै तनाब छ' बोलको गीतको भिडियो उनले आफ्नै युट्युब च्यानलमार्फत सार्वजनिक गरेका हुन् ।

गीतमा शब्द र संगीत पनि उनकै रहेको छ । संगीत संयोजन बिसाल निरौलाले गरेका हुन् । सिर्जन बरालको निर्देशन रहेको भिडियोमा गायक कार्कीसँगै मोडल सुश्मा रोक्का, मेगेन्द्र सुबेदी र ईन्द्र तामागंलाई देख्न सकिन्छ । करण चैशिरको छायांकन रहेको भिडिओ अमृत चापागाईले सम्पादन गरेका हुन् ।



# राजधानीमा गुञ्जियो नेपाली समाजमा प्रचलित नौमती बाजाका नौ रागहरू



म्यूजिक खबर/काठमाडौं

नेपाल सङ्गीततथा नाट्य प्रज्ञा प्रतिष्ठान, सङ्गीत विभागको आयोजनामा राजधानीमा आइतबार नौमती बाजामा आधारित नौमतीमा नौ राग कार्यक्रम सम्पन्न भएको छ ।

संस्कृति, पर्यटन तथानागरिक उड्डयन मन्त्री हितबहादुर तामाङको प्रमुख आतिथ्यतामा कलाकारहरूले नौमति बाजाहरूको प्रयोग गरी नौ किसिमका रागहरूको प्रस्तुति दिएका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री हितबहादुर तामाङले कलामा उत्कृष्ठ कला सङ्गीतकलालाई मानिदै आएपनि सबै कलाको आफ्नै विशिष्टतामा उत्तिकै महत्व रहेको बताउनु भयो । उनले नेपाली सङ्गीतमा मौलिक पञ्चेबाजा र नौमती बाजाको विशिष्ट महत्व र योगदान रहेको र यसको संरक्षणमा सरकार र सरोकारवालाहरूले ध्यान दिन जरूरी रहेको बताए । कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी कुलपति निशा शर्माले प्रज्ञा प्रतिष्ठानले नेपालका कुनाकान्दरा रहेका लोक संस्कृति र कलाको संरक्षणका लागि विभिन्न कार्यहरु गर्दै आइरहेको जानकारी गराउँदै त्यस्ता कार्यक्रमहरूलाई आगामी दिनमा समेत निरन्तरता दिने बताए ।

सङ्गीत विभाग प्रमुख कर्ण गौतमले परियार समुदायमा प्रचलित नौमती बाजाका ३६ राग प्रचलनमा रहेको र ती रागहरू शुभकार्य र शोक कार्यमा बजाइने गरेको बताउँदै कार्यक्रममा ती मध्ये विवाह कार्यमा बजाइने नौ राग प्रस्तुत गरिएको बताए । कार्यक्रममा १२ जना कलाकारहरूले परम्परागत विवाहमा बजाइने रागहरूलाई समेटेर प्रस्तुति दिएका थिए । जसमा नगरा, बटुवा ताल राग, डाँडै ताल राग, दुलाहा पर्साइ, जन्ती पर्साईं, डाँफे ताल राग र दुलही रूवाउने ताल रागहरूको प्रस्तुति रहेको थियो । कार्यक्रमको अवसरमा कलाकारहरूले नौमती बाजामा सोरठीमा आधारित नचरी भाका, तारू भाका र झलकमान गन्धर्वको बालाजोवन भाका प्रस्तुत भएको थियो । बाद्यवादनमा कमल परियार, मनबहादुर दर्जी, तीलबहादुर दर्जी, दिलबहादुर दर्जी, लालबहादुर दर्जी, नवीन परियार, सागर परियार, सुवास परियार, मदन परियार लगातको समूहले नौमती बाजा प्रस्तुत दिएका थिए ।

कार्यक्रमको अवसरमा राष्ट्रिय गीत लेखन प्रतियोगिता २०८१का विजेताहरूलाई सम्मानसहित पुरस्कृत समेत गरिएको थियो । विश्व सङ्गीत दिवसका दिन विजेता घोषित भएका सात प्रदेशका सातजना विजेताहरूलाई कार्यक्रममा पुरस्कृत गरिएको हो । पुरस्कृत हुनेहरूमा कोशी प्रदेशबाट तेज राई, मधेश प्रदेशबाट लिलाराज दाहाल, बागमती प्रदेशबाट सृजना अर्याल, गण्डकीबाट बाबुराम श्रेष्ठ, लुम्बिनीबाट बसन्तकुमार आचार्य, कर्णालीबाट रामकुमार शाही र सुदुरपश्चिमबाट धीरजनाथ थिए । उनीहरूलाई नगद पुरस्कार सहित सम्मानपत्र प्रदानगरिएको थियो ।

# संस्कृति नै देशको पहिचान हो - अध्यक्ष कोइराला





सीतल आचार्य/ म्यूजिक खबर

संस्कृति नै देशको पहिचान हो, यसको संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धन गर्नु हामी सबैको कर्तव्य भएको डा.आरसी कोइरालाले बताए । गत जुन २७ देखी जुलाई १ सम्म आयोजित मकोम कला अन्तर्राष्ट्रिय सम्मेलन २०२४ मा भाग लिएर एभरेष्ट नेपाल कल्चरल ग्रुपका अध्यक्ष डा.आरसी कोइराला (रामचन्द्र) ले उक्त कुरा प्रस्तुत गरेका हुन् ।

उज्बेकिस्तान सरकार संस्कृति मन्त्रालयको विशेष निमन्त्रणामा कोइराला अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन उज्बेकिस्तान पुगेका हुन् । ५ दिनसम्म चलेको सम्मेलनको उद्घाटन उज्बेकिस्तानका राष्ट्रपति सम्मानानीय श्री शवकत मिर्झियोयेवले गरेका थिए भने सम्मेलनको आयोजना संस्कृति मन्त्रालयले गरेको थियो । विश्वको ८० भन्दा बढी देशबाट उपस्थित संस्कृतविद्हरू, कलाकारहरू तथा प्रतिनिधिहरूको बिचमा नेपाली परम्परागत एवं मौलिक लोककला र लोकसंस्कृतिको विषयमा तयार पारिएको कार्यपत्र डा.कोइरालाले प्रस्तुत गरेका थिए ।

जसरी उज्बेकिस्तनले आफ्नो मौलिक कलालाई सम्बर्द्धन तथा प्रबर्द्धन गर्दै विश्वलाई कलाको बारेमा प्रचारप्रसार गराउँदै आएको छ । त्यसैले हरेक देशले आफ्नो कला संस्कृतिको सम्बर्द्धन तथा प्रबर्द्धन गर्दै युवा पिंढीलाइ हस्तान्तरण गर्ने वातावरण बनाउनु पर्छ भनेको कुरालाई आफ्नो कार्यपत्रमा जोड दिएको कुरा कोइरालाले बताए । संस्कृति नै देशको पहिचान हो यसको संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धन गर्न सधैं सरकारको मात्र मुख नताक्न बताउँदै हामी सबैको साझा कर्तब्य हो सम्मेलनमा उनले बताएका थिए ।

# गायक मदन केसी र प्लानेट मिस इन्डिया वर्ल्ड नव्यश्री वैवाहिक बन्धनमा

गायक तथा संगीत संयोजक मदन केसी र प्लानेट मिस इन्डिया वर्ल्ड नव्यश्री वैवाहिक बन्धनमा बाँधिएका छन् । उनीहरूको गत असार २७ गते विवाह सम्पन्न भएको हो । हिन्दू परम्पराअनुसार वैवाहिक जीवनमा बाँधिएका मदन केसी गायनका अलावा संगीत संयोजन पेशामा आबद्ध छन् । संगीत क्षेत्रमा लामो समयदेखि क्रियाशील रहँदै आएका मदनको परिवार नै गीतसंगीत क्षेत्रमा क्रियाशील रहँदै आएका छन् ।

बागलुङमा जन्मिएका केसीका दाजु कृष्ण केसी चल्तीका संगीत संयोजक, गायक एवं संगीतकार हुन् भने दिदी सीता केसी चर्चित गायिका हुन् ।

त्यस्तै नव्यश्री सानै उमेरदेखि मोडलिङ पेशामा आबद्ध रहँदै आएकी छन् । १४ वर्षको उमेरदेखि अभिनय गर्दै आएकी नव्यश्री १५ वर्षमा प्लानेट मिस इन्डिया वर्ल्ड २०१८, मिस टिन रिपब्लिक अफ इन्डिया २०१८, मिस नर्थइस्ट २०१८, सोसल मिडिया स्टार भइसकेकी छन् । अभिनेत्री नव्य श्रीले उत्तर बंगाल सिनेमामा काम गर्दै आएकी छन् । उत्कृष्ट मोडलको अवार्डसेत प्राप्त गरिसकेकी नव्यश्रीले नर्थ बंगाल ब्यूटी क्वीन अवार्डसमेत प्राप्त गरेकी छन् ।

२१ वर्षकी नव्य श्रीको तस्वीर रीदेवी दिव्या भारती जस्तो लुक्सका लागि चर्चित बनेको थियो । पिता स्व. बलबहादुर थापा, आमा तुलशा थापाको सन्तानको रूपमा कोलकातामा जन्मेकी नव्यश्रीको वास्तविक नाम भने मन्जु थापा हो । उनी दार्जिलिङ सिलगढीकी स्थायी बासिन्दा हुन् । नव्यश्रीले नेपालका चर्चित मोडल दुर्गेश थापा र लोमश शर्मासँग पनि म्यूजिक भिडियो र चलचित्रमा अभिनय गरिसकेकी छन् ।

# क्यान्सर रोगीहरूको सहयोगार्थ 'तारा थापा स्वर्णिम साँझ'



म्यूजिक खबर/काठमाडौं

लाफा रूङ्ग फाउन्डेसनको आयोजनामा क्यान्सर रोगीहरूको सहयोगार्थ 'तारा थापा स्वर्णिम साँझ २०८१' भव्य रूपमा सम्पन्न भएको छ । राष्ट्रिय नाचघर जमलमा असार २१ मा आयोजना भएको उक्त कार्यक्रममा नृत्य शिरोमणि भैरब बहादुर थापाको प्रमुख आतिथ्यता रहेको थियो । फाउन्डेसनका अध्यक्ष चन्द्रज्योति आलेको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्रज्ञा परिषद् सदस्य चेतन सापकोटा, नेपाल मगर संघका अध्यक्ष ज्ञानेन्द्र पुन मगर, फाउन्डेसनका संस्थापक अध्यक्ष लंकमान रोका मगर, नेपाल मगर महिला संघको अध्यक्ष हिरू राना मगर, वरिष्ठ संगीतकार सिके रसाइली, वरिष्ठ गायिका मिरा राणा, वरिष्ठ संगीतकार दिपक जंगम, राजु सिंह, वरिष्ठ गीतकार विश्व बल्लभ, सुवासचन्द्र ढुंगेल, वरिष्ठ गायक खड्ग गर्बुजा लगायत गीत संगीत क्षेत्रका विशिष्ट अतिथिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा नृत्य शिरोमणि भैरवबहादुर थापालाई सम्मान गरिएको थियो ।

क्यान्सर रोगीहरूको सहयोगार्थ 'तारा थापा स्वर्णिम साँझ २०८१'मा उपस्थित अतिथिहरूलाई स्वागत गर्दै फाउन्डेसनकी अध्यक्ष चन्द्रज्योति आलेले फाउन्डेसन सामाजिक सेवामा हिजोदेखि नै सक्रिय रहेको र यसपाली क्यान्सर रोगीहरूको सहयोगार्थ कार्यक्रम गर्न पाएकोमा गायिका तारा थापालाई हार्दिक आभार प्रकट गरेकी थिइन् । गायिका थापा ब्रेष्ट क्यान्सर जितेर आउनुभएको हुँदा उहाँलाई नै प्रतिनिधित्व गराएर स्वर्णिम साँझ गर्नु एकातिर गीतसंगीतको क्षेत्रको श्रीबृद्धिमा फाउन्डेसन सक्रिय रहनु हो अध्यक्ष आलेले बताइन् । उनले गायिका थापाको उर्जा देखेर अरू क्यान्सर रोगीहरूको पनि आत्मबल बढाउन सहयोग पुग्ने बताइन् ।




कार्यक्रममा गायिका तारा थापाले १६वटा गीत प्रस्तुत गरेकी थिइन् । जसमा गायिका थापाकै शब्द, संगीतमा रहेको भागेर कहाँ हो जाने, चाँदनी शाहको शब्द र अम्बर गुरूङको संगीत रहेको मेरो मायाको संसार, मानबहादुर मुखियाको शब्द र गोपाल योन्जनको संगीतमा रहेको किनार भेट्न, नागेन्द्र थापाको शब्द र गोपाल योन्जनको संगीत रहेको तारी नदेउ माफीदाइ, नारायण कुमार आचार्यको शब्द र दिपक जंगमको संगीत रहेको हजार चोटी, सुरेन्द्र रानाको शब्द र राम थापाको संगीत रहेको सबैले दिने माया, श्रीपुरूष ढकालको शब्द र राम थापाको संगीत रहेको कुन बेला, प्रेमराजा महतको शब्द, संगीत रहेको सान्नानी हाँसन दिल खोलेर, सुबासचन्द्र ढुंगेलको शब्द र राम थापाको संगीत रहेको फूल झरे पनि काँडा झर्दैन, दुर्गालाल श्रेष्ठको शब्द र न्हयू बज्राचार्यको संगीत रहेको सयथरी बाजा एउटै ताल, महेन्द्र गुरूङको संकलनमा रहेको हे साहिलौं, गोपाल योन्जनको शब्द संगीतमा रहेको खुट्टामा नेल परे पर्ला र काले पनि देखेँ मैले, छेत्र गुरूङको शब्द र गोपाल योन्जनको संगीतमा रहेको सोध रामलाई गीतहरू प्रस्तुत गरेकी थिइन् । साथमा सन्जोग लाफा मगरको शब्द र अजय थापा मगरको संगीत रहेको मगरभाषाको गीत र एउटा कौरा भाकाको गीत पनि प्रस्तुत गरेकी थिइन् । गायिका थापाले गीत प्रस्तुत गर्दै गर्दा दर्शकदीर्घाबाट वाहीवाही र वान्समोरको आवाज रोकिएको थिएन ।

कार्यक्रममा निर्देशक याम गुरूङ र नृत्याङ्गना रिना थापा मगरको समूहले गायिका थापाका गीतमा दुईवटा नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रममा लाफा रूङ्ग फाउन्डेसनको तर्फबाट गायिका तारा थापालाई सम्मान गरिएको थियो । साथमा नेपाल मगर संघ, अथार मगरात कलाकार संघ, समसामयिक गायक समाजको तर्फबाट पनि सम्मान गरिएको थियो । कार्यक्रमको संचालन गीतकार तथा पत्रकार सुमन पण्डितले गरेका थिए । गायक देवराज आले, सागर आले, मनोज थापा र गायिका सरिता शाही, दिपा सुहाङ, अप्सु योगीले गायिका तारा थापालाई स्वरमा साथ दिएका थिए ।

कार्यक्रम गीतकार वसन्त वित्यासी थापाको संयोजकत्वमा सम्पन्न भएको थियो । कार्यक्रममा संगीत संयोजक अशोक कुमार राईको संयोजकत्वमा वाद्यवान समूह रहेको थियो । जसमा शिलाबहादुर मोक्तान (किबोर्ड), मनोहर सुनाम (भ्वाईलिन संयोजक), मोहनकृष्ण कार्की ढली (भ्वाईलिन), रविन कार्की ढली (भ्वाईलिन), किशोर कार्की ढली (भ्वाईलिन), केशव सुनाम (भ्वाईलिन), भरत नेपाली (सारङ्गी), गोपालदेव घतानी (बाँसुरी), धन बहादुर गुरूङ (बाँसुरी), भरत बुढाथोकी (ताल बादन संयोजक), नरेश प्रजापति (ताल बादन), पोषण घर्ती (ताल बादन), अनिल थापा (ताल बादन), रूपेश सिंह (प्याड ड्रम), देव राई (बेश गिटार), प्रभात लामा (रिदम गिटार) रहेका थिए ।






C.B. MOUNT FRAMING CENTER PVT.LTD.






New Baneshowr, Buddhanagar, Kathmandu 01-4782127, 9841631354

सफलताका लागि दुई कुराको आवश्यकता पर्छ, पूर्ण विश्वास र नियमपूर्वक अभ्यास । –खप्तड स्वामी

## सम्पादकीय

# तिजको चटारो

नेपाल भूगोलअनुसार संस्कृतिको विविधताले भरिएको मुलुक हो । विश्वमा यस्तो भूगोल र विविध जातजातिका बीचमा रहेको कला संस्कृति अन्य भेटिँदैन । नेपालमा रहेका १ सय २५ भन्दा बढी जातजातिका विभिन्न कला संस्कृति छन् । आ–आफ्नै तरिकाले संस्कृतिलाई मनाउँदै आए पनि मुलुकभित्र रहेको संस्कृति हो जो देशका लागि सांस्कृतिक पर्यटनको महत्वपूर्ण पाटो हो । जसलाई राम्रोसँग सरकारले सदुपयोग गर्न जानेमा हरेक जाति, हरेक भूगोलमा पर्यटनको थलो बन्ने सम्भावना देखिन्छ ।

नेपालमा हुने चाडपर्वहरू आफैंमा ऐतिहासिक देखिन्छ । परापूर्वकालदेखि मनाउँदै आइएको चाडपर्वहरूमा आफ्नै पहिचान छ । उद्यौली उभौली, पन्ध्र असार, साउने संक्रान्ति, जनै पूर्णिमा, गाइजात्रा, तिज, दशै, तिहार, फागु, ल्होसार लगायतका विविध चाडपर्वहरू छन् । विविध जातजातिको आफ्नै विशेषता छ । आफ्नै संस्कृति छ । तर समग्र मुलुकभित्रका बासिन्दाले मान्ने चाडहरू भनेको तिज, दशैं, तिहार, फागु लगायतका रहेका छन् । ठूला चाडहरूमध्ये तिज चाड हिन्दू नारीहरूको लागि विशेष पर्वका रूपमा परिचित छ । पार्वतीले महादेव पति पाउँ भनी गरिएको ब्रतदेखि ऋषिमुनीहरूसँगको सम्बन्ध रहेको चाड हो तिज हो । पराम्परागत रूपमा चलिआएको संस्कृतिसँगै तिज एउटा सांस्कृतिक चाडका रूपमा पनि लिइने गरिन्छ । अर्थात् गीतसंगीतको क्षेत्रमा तिज पर्व विशेष रूपमा लिइने गरिन्छ ।

तिजमा गीतसंगीतको क्षेत्र चलायमान हुने गर्छ । वर्षभरि अन्य गीतसंगीत बजारमा नल्याउने गायक गायिकाहरू पनि तिजमा गीत रेकर्ड गराउने, भिडियो बनाउने गर्ने गर्छन् । आ–आफ्नै शैलीमा गीतसंगीत बजारमा ल्याउँछन् । कसैले मौलिकता अनुसार गीतसंगीत निर्माण गर्छन् भने कसैले चल्नकै लागि ग्ल्यामरता, भल्गरतालाई पनि प्रस्तुत गरेको पाइन्छ । तर तिजको मर्म भनेको चेलीबेटीको बह पोख्ने चाड हो । पराइघर गएकी चेलीले माइतमा आउँदा घरका सुख दुःखलाई गीतमार्फत् प्रस्तुत गरेर माइतीलाई बह पोख्ने चाडका रूपमा लिइएको पर्व हो । पछिल्लो समयमा यसलाई रेकर्ड गरी बजारमा ल्याउन थालिएपछि तिज पर्वले सांगीतिक पर्वका रूपमा अझै उचाइ पाएको हो ।

यतिखेर बजारमा तिजको चटारो छ । तिज आगामी भदौ २१ गते भए पनि गीतसंगीत निर्माणमा दौडधूप चलेको छ । तिजको गीत कस्तो, कहिले निर्माण गर्नेदेखि कसको च्यानलमा भ्यूज कति जान्छ र कति कमाइ हुन्छ भन्नेमा पनि गीतलाई निर्माण गरिन थालिएको छ । जे होस् तिजका गीतहरू भनेको मौलिकता भयो भने प्रत्येक वर्ष चल्छ, मौलिक हरोयो भने म्यादी गीत हो आउँछ जान्छ, भाइरल हुन्छ होला तर सदाबहार हुन पाउँदैन । त्यसैले यो चटारोमा जसले गीतसंगीत निर्माण गर्नुहुन्छ समय र समाज सुहाउँदो निर्माण गर्दा तिजलाई तिज बनाउन सकिन्छ । मौलिक गीत सिर्जना निर्माण होस् शुभकामना ।

# कविता आलेलाई दीर्घ साधना सम्मान

## २३ विधामा राष्ट्रिय आदिबासी संगीत तथा चलचित्र अवार्ड





म्यूजिक खबर/काठमाडौं

'राष्ट्रिय आदिबासी संगीत तथा चलचित्र अवार्ड' दोश्रो संस्करण २३ विधामा प्रदान गर्दै काठमाडौंमा सम्पन्न भएको छ । समारोहमा संगीतमा १४ विधा र आदिबासी चलचित्रमा ९ विधा गरेर २३ विधामा 'दोश्रो राष्ट्रिय आदिबासी संगीत तथा चलचित्र अवार्ड–२०२४' प्रदान गरिएको हो ।

अवार्डमा पूर्व उपराष्ट्रपति परमानन्द झाले प्रमुख आतिथ्यता ग्रहण गर्दै विभिन्न कलाकारलाई सम्मान तथा अवार्ड प्रदान गरे । दुबै अवार्डको जुरीमा अभिनेता धिरेन शाक्य, चलचित्र निर्देशक दिनेश लिङदेन, सँगीत संयोजक शाहश शाक्य र गायक रमेश पाठक थिए ।

अवार्ड समारोहमा आदिबासी चलचित्र चरित्र अभिनेत्रीको अवार्ड सेमेवाबाट पवित्रा लिम्बुले चुम्न सफल भइन् । उत्कृष्ट गुरूङ चलचित्रको अवार्ड  शिर सुवाले पायो भने  चलचित्र जिउनीबाट निर्देशक टेक गुरूङले जुरी अवार्ड पाउन सफल भए । लिम्बु चलचित्र उत्कृष्ट निर्देशकको अवार्ड लोजिमा चलचित्रबाट सागर सुब्बाले पाउन सफल भए । आदिबासी चलचित्र चरित्र अभिनेताको अवार्ड जिउनीबाट अच्युत गुरूङले, गुरूङ चलचित्र अभिनेताको अवार्ड विश्वास गुरूङले चलचित्र शिर सुवाबाट हाँसिल गरे । गुरूङ चलचित्र अभिनेताको जुरी अवार्ड आनन्द गुरूङले र पब्लिक च्वाईस अवार्ड टेकबहादुर गुरूङले, लिम्बु चलचित्रबाट उत्कृष्ट अभिनेताको अवार्ड रूद्र पाहिमले प्राप्त गरे । आदिबासी चलचित्र अभिनेत्रीको अवार्ड जिउनीबाट आकृति गुरूङले पाइन् भने लिम्बु चलचित्र अभिनेत्रीको अवार्ड बिमला खजुम लिम्बुले पाइन् । त्यस्तै मेकअप आर्टिष्टको अवार्ड उर्मिला लामाले र आदिबासी भेषभुषाको अवार्ड सरू माङमो लिम्बुले सरू ढाका उद्योगबाट हाँसिल गरिन् ।

यस्तै संगीततर्फ आदिबासी लोक गीत गायकको अवार्ड सुमन लिम्बुलाई प्रदान गरियो । आदिबासी लोक गीत गायिकाको अवार्ड अन्जना लिम्बुलाई प्रदान गरियो ।

त्यसैगरी आदिबासी गीत गीतकारको अवार्ड कल्पना आङबुहाङ लिम्बुले हाँसिल गरिन् । यस्तै आदिवासी कौडा गीत गायकको अवार्ड मौसम गुरूङले र कौडा गीत गायिकाको अवार्ड नितु पुनले हाँसिल गरे ।

समारोहमा आदिबासी गीत संगीत संयोजकको अवार्ड सुनिल परियारले, आदिबासी म्युजिक भिडियो निर्देशक अवार्ड हाङ चम्जोङले, भिडियो निर्देशक जुरी अवार्ड दिप गुरूङले, आदिबासी म्युजिक भिडियो पुरूष मोडलको अवार्ड गजेन्द्र साम्बाहाम्फेले हाँसिल गरे । आदिबासी म्युजिक भिडियोमै महिला मोडलको अवार्ड रिना गुरूङले, महिला मोडल जुरी अवार्ड सुस्मिता गुरूङले प्राप्त गरे । यस्तै तामाङ गीत गायकको अवार्ड टीका बम्जनले, तामाङ सेलो पुरूष मोडलको अवार्ड अभि लामालाई प्रदान गरियो ।

यस्तै तामाङ सेलो महिला मोडलको अवार्ड अनिता गोलेलाई, लिम्बु गीत म्युजिक भिडियो महिला मोडलको अवार्ड दुर्गा कुमारी लिम्बुलाई, लिम्बु गीत म्युजिक भिडियो नव महिला मोडलको अवार्ड मिरा फियाकलाई, आदिबासी गीत नृत्य निर्देशकको अवार्ड केशव कोईरालालाई र आदिबासी गीत ध्वनी सम्पादनको अवार्ड डिका गुरूङलाई प्रदान गरियो ।

समारोहमा बरिष्ट गायिका तथा चरित्र अभिनेत्री कविता आलेमगरलाई दीर्घ साधना सम्मान प्रदान र चलचित्र निर्माता तारादेवी लिम्बुलाई राष्ट्रिय सम्मान प्रदान गरियो । यस्तै गुरूङ चलचित्र अभिनेता राजु गुरूङ, अग्रज लोकगायक नमराज ढुँगाना, गायक हिमाल श्रेष्ठ, कलाकार शेरबहादुर गुरूङ, दोहोरी गायिका कालिका रोक मगर र व्यबसायी मिलन लामा पनि सम्मानित भए ।

कार्यक्रम सभापति एवम् आयोजक संस्था क्वालिटी फिल्मस्का अध्यक्ष उमेश गुरूङले आदिबासीहरूलाई मुलधारमा ल्याउन यो आफ्नो समुहले यो अवार्ड आयोजना गर्दै आएको बताए । कार्यक्रमको संचालन संचारकर्मी सेसेमी लिम्बूले गरेकी थिइन् ।









# कलाकारितामा समर्पित तेजबहादुर

■ म्यूजिकखबर/काठमाडौं

अभिनयमा आफूलाई समर्पित गर्दै आएका व्यक्ति हुन् तेज बहादुर तामाङ । रहरै रहर बोकेर कलाकारिता क्षेत्रमा प्रवेश गरेका कलाकार तामाङले जीवनको अन्तिम लक्ष्य पनि कलाकारिता नै रोजेका छन् । चलचित्रको पर्दामा होस् या म्यूजिक भिडियोमा देखिएका पात्रहरू, अरूले गरेको अभिनय तथा नृत्यले उनको मनभित्रबाट नै कलाकार बन्ने रहर जागेर आउँथ्यो । तिनै कलाकार जस्तै बन्ने सपना उनले देखेका थिए । तर कसरी बन्ने भन्नेमा भने चुनौति नै थियो । मनमा रहर हुँदैमा कसले उनलाई कलाकार बनाउँथ्यो र ! कलाकार बन्नकै लागि कहाँ कसलाई भेट्ने भन्नेमा सोच्ने गर्थे । अन्ततः म्यूजिक भिडियो निर्देशक एवं कोरियोग्राफर दीप सागरसँगको भेटले उनलाई कलाकार बन्ने सपना पूरा गरायो ।

बुबा धनपति तामाङ र आमा मैतीमाया तामाङको सुपुत्र भएर जन्मिएका तेज बहादुर तामाङ परासन गा.वि.स. वडा नं. १ चगाउँ पुनर्वास कञ्चनपुरका हुन् । पुनर्बास आफैं साहित्य कला संस्कृतिको धनी ठाउँ हो । जहाँ धेरै साहित्यकारहरू सिर्जनाका माला गाँसेर अमर बनिरहेका छन् । तिनै मध्ये एक हुन् तेजबहादुर पनि । कोही सिर्जनालाई पुस्तकमा प्रकाशन गर्छन् त कोही सिर्जनालाई अडियो भिडियोमा संग्रहित गर्छन् । तीनै कलाका धनीमध्येका तेज बहादुर पनि आफ्नो सिर्जना शील्पलाई भिडियोमा जीवन्त बनाउनतर्फ उन्मुख भएका छन् ।

सानैदेखि कलाकार हुने सपना भए पनि बुबालाई भने तामाङको छोरो लाहुरे बन्नुपर्छ भन्ने थियो । बुबाकै दबाबमा उनी नेपाली सेनामा भर्ती भए । देशको सेवा गर्नेतर्फ उनी लागे तर पनि कलाकार बन्ने सपना भने मनभरि बोकेर हिँडिरहेका थिए । पाँचवर्षसम्म उनले नेपाली सेनाको जागिर खाए । देशको सेवा गरे । अन्ततः नेपाली सेनाबाट उपदान लिएर उनी कलाकारितातर्फ होमिए । चलचित्रमा अभिनय गरे, म्यूजिक भिडियोमा आफूलाई प्रस्तुत गरे । चलचित्र 'पुरानो पुस्ता'मा उनको जीवन्त अभिनय प्रस्तुत भएको छ । कलाकार शेरबहादुर गुरुङको निर्देशन रहेको चलचित्र 'पुरानो पुस्ता'मा उनी समयानुकुल, गाउँले परिवेश अनुसारको अभिनय गर्न सफल भए । उनले जुन सपना बोकेका थिए तर कलाकार बन्न त्यति सजिलो रहेनछ भन्ने अनुभूति त्यतिबेला भयो जब क्यामेराको अगाडि एक्सन कट हुन थाल्यो । उनी ती पुराना दिन सम्झिन्छन्- 'चलचित्रको पर्दामा देखिएका कलाकारजस्तै हुन मैले पनि धेरै टेक खाएँ ।' तर पनि चलचित्रमा आफूले अभिनय गरेको क्षणले अहिले पनि रमाइलो महसुस गराउँछ, उनले भने ।

कलाकार तेज बहादुरले चलचित्र पुरानो पुस्तासँगै दर्जन म्यूजिक भिडियोमा अभिनय गरेका छन् । सिन्धुलीकी कान्छी लोकदोहोरी गीत होस् या मिस्टरबाबु अधिकारीको 'सबभन्दा राम्रो त मेरी बुढीको' तीज गीतमा तेजबहादुरको अभिनय देख्न सकिन्छ । त्यस्तै झ्याउरे गीत 'चिनजान' मोडल गुना गुरुङसँग उनले अभिनय गरेका छन् ।





लगायतका एकदर्जन म्यूजिक भिडियोमा अभिनय गरेका छन् । कलाकारितालाई जीवनको खुशीसाथ जीउने आधार मान्छन् तेज बहादुर । उनको सोचाईमा जहाँ आँसु, हाँसो, दुःख, सुखभित्रका आरोह अवरोहलाई संगीतमय तरिकाले प्रस्तुत गरिन्छ र अमर सिर्जनामार्फत् कलाकारितालाई जीवन्त बनाउन सकिन्छ । कलाकारिताकै माध्यमबाट सामाजिक सेवा गर्न सकिन्छ, देशको परिवर्तन ल्याउन सकिन्छ भन्ने प्रमाणित भइसकेका छन् । कलाकारिता समाजको दर्पण हो जसले समाजमा चेतना छर्न सक्छ । समाज रूपान्तरणमा महत्वपूर्ण भुमिका खेल्न सक्छ । सामाजिक भावनाले कसैको जीवनलाई बचाउन सकिन्छ । यी सबै कुराहरू कलाकारिताबाट सम्भव देखेका छन् उनले ।

मानिसहरू घरबास छोड्छन्, प्रवासतर्फ लम्किन्छन् तर खुशी खोज्नका लागि जन्मथलोको कलासंस्कृतिमै एकदिन फर्किन्छन् । यो चरण पुस्तौं पुस्तासम्म चल्नेछ । पुस्ता हस्तान्तरणसँगै कलाकारितामा फरक मोड आउला तर पनि समय सुहाउँदो कला पस्किन सके सुखमय जीवन जीउनलाई गाह्रो नपर्ने उनको भनाइ छ ।

# कवि दिलिप श्रेष्ठको लघुकथासंग्रह 'नबनाएको घर'




म्यूजिकखबर/काठमाडौं

साहित्यिक पत्रकार संघ (Literary Journalist Association) ले हिजो कवि दिलीप श्रेष्ठको लघुकविता सङ्ग्रह "नबनाएको घर"को लोकार्पण कार्यक्रमको आयोजना गर्‍यो । सो लोकार्पण कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ कवि एवं संस्कृतिविद् तुलसी दिवस, विशेष अतिथि प्रा. डा. सुरेन्द्र के.सी. लगायतले सो कृतिको लोकार्पण गर्नुभयो ।

साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीको सभापतित्वमा आयोजित सो कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ कवि एवम् संस्कृतिविद् तुलसी दिवसले छुट्टै काव्य-शैली निर्माण गर्नसक्ने नै साँचो कवि हुने बताउँदै दिलीप श्रेष्ठ पृथक् शैली बनाइसकेका कवि भएको पुष्टि सङ्ग्रहका कविताले गर्ने बताउनुभयो । कविता लामोछोटो जस्तो भए पनि विचार, भाव र पृथक् शैली हुनुपर्ने उहाँको भनाइ थियो ।

इतिहासविद् प्रा.डा. सुरेन्द्र के.सी. ले साहित्यको इतिहासमा धेरै लेखकले विभेद भोग्नुपरेको यथार्थको चर्चा गर्नुभयो । वरिष्ठ समालोचक प्रमोद प्रधानले कृतिको समीक्षाका क्रममा दिलीप श्रेष्ठका कविता पढ्दा आफू सुखद आश्चर्यमा परेको बताउँदै कवितामा कविका विचार, अनुभूति र संवेदना अत्यन्त कलात्मक र पृथक् शैलीमा आएको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "३० को दशकदेखि निरन्तर कविता लेखिरहेका, चारवटा सङ्ग्रह प्रकाशित गरिसकेका र आफ्नो शैली बनाइसकेका कवि मूलधारमा नदेखिनु दुःखद कुरा हो । उनी कतिपय प्रतिनिधि कविभन्दा पनि बलिया छन् ।"

कार्यक्रममा अध्यक्ष राधेश्याम लेकाली, वरिष्ठ कवि ज्ञान उदास, भारतीय दूतावासका प्रतिनिधि सर्जक सत्येन्द्र दहिया, कृतिकार दिलीप श्रेष्ठ लगायतले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा कृतिकार दिलीप श्रेष्ठलाई सम्मान पनि गरिएको थियो भने लोकार्पित कृतिबाट साहित्यिक पत्रकार संघका पूर्वअध्यक्ष नरेन्द्र बहादुर श्रेष्ठ, वरिष्ठ कवि ज्ञान उदास र कवि रिमा के.सी.ले कविता वाचन गर्नुभएको थियो ।

सोही कार्यक्रममा आफ्नो तीन वर्षे कार्यकाल सकेर स्वदेश फर्किन लाग्नुभएका भारतीय दूतावासका प्रतिनिधि सर्जक सत्येन्द्र दहियालाई विशेष सम्मानसहित बिदाइ गरिएको थियो । सर्जक दहियाले दूतावासमार्फत नेपालर भारतका सर्जकबीच साहित्यिक र सांस्कृतिक कार्यक्रमको लागि सेतुको काम गर्दै आउनुभएको छ । कार्यक्रममा उहाँको परिचय अध्यक्ष लेकाली गर्नुभएको थियो । सापस सचिव नीता श्रेष्ठको जन्मदिनको अवसरमा विशेष बधाई ज्ञापन गरिएको सो कार्यक्रममा साहित्यकारहरूको बाक्लो उपस्थिति थियो ।

कवि दिलीप श्रेष्ठको यसअघि वि. स. २०५६ मा "जिन्दगीको यात्रा कहाँ रोकूँ" (केही कविता केही गीत), वि. स. २०७४ मा "रेल चढेपछि" (केही कविता केही गीत) र वि. स. २०७४ मा "खोलापारिकी आमा" कवितासङ्ग्रह प्रकाशित भैसकेका छन् ।

कवि यादव भट्टराईले संचालन गर्नुभएको सो कार्यक्रममा प्रमुख अतिथि दिवस, विशेष अतिथि के. सी., प्रमुख वक्ता प्रमोद प्रधान, कविहरू ज्ञान उदास, दिलीप श्रेष्ठ, सत्येन्द्र दहिया, नरेन्द्र बहादुर श्रेष्ठ, यादव भट्टराई, रिमा के. सी., रूद्र अधिकारी, नीता श्रेष्ठ, बुनु दाहाल, सुरेन्द्र श्रेष्ठ लगायतलाई अध्यक्ष लेकालीले मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# श्रमको पहिचान, सुरक्षा र सम्मानका लागि भए एक सय गीत रेकर्ड




**म्यूजिक खबर/काठमाडौं**

श्रमको पहिचान, सुरक्षा र सम्मानका साथै अन्य विभिन्न सामाजिक सवाललाई लिएर १०० वटा लोक तथा प्रत्यक्ष दोहोरी गीत रेकर्ड गरिएको छ। मनोरञ्जन क्षेत्र (दोहोरी रेस्टुरेन्ट, डान्स बार, स्पारमसाज, क्याबिन र खाजाघर) का श्रमिकको संस्था महिलाको निम्ति महिला मञ्च नेपालले उक्त गीत रेकर्ड गरेको हो ।

विभिन्न विषयमा सचेतना जगाउने उद्देश्यले रेकर्ड गरिएका गीतमा नेपालको विभिन्न भूगोलमा प्रचलित दोहोरी, टप्पा, सेलो, रोइला, पुर्वेली, काठे, देउडालगायतका भाका रहेको संस्थाकी अध्यक्ष सोनिया तामाङले बताएकी छिन् । मञ्च अन्तर्गतको 'साँस्कृतिक अभियान समूह'को सक्रियतामा हामीले मनोरञ्जन क्षेत्रका श्रमिकका पीडा, महिलाको पहिचान, महिला विरूद्धका हिंसा (छाउपडी, घरेलु हिंसा, श्रम र पारिश्रमिकका हुने विभेद, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र शोषण) महिलाको स्वतन्त्रता, समानता, साईबर सुरक्षा, जातव्यवस्थाको असर, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्तिको समस्या, उपभोक्ता अधिकार, असंगठित क्षेत्रका श्रमका सवाल गरी १०० वटा विषयमा गीत तयार पारेका छौं,' तामाङले भनिन् ।

मनोरञ्जन क्षेत्रलाई हिंसा, शोषण रहित, सुरक्षित, सम्मानित र व्यवस्थित कार्यस्थलको रूपमा स्थापित गर्न संगीतलाई माध्यम बनाइएको संस्थापक अध्यक्ष तथा संस्थाकी निर्देशक सिर्जना पुन मगरले बताइन् । 'श्रमिकको मान्यता र पहिचान स्थापित गर्नका लागि सम्बन्धित सरोकारवाला निकायको ध्यानाकर्षण गराउनका लागि हामीले संगीतलाई माध्यम बनाएका हौं,' उनले भनिन् । सचेतनामूलक १०० गीतको योजना, व्यवस्थापन र समन्वय डिबी खड्का, सविता पोखरेल र वर्षा लुईंलेटले गरेका हुन् ।

उक्त अभियानमा संस्थाकै सांस्कृतिक समूहमा रहेका र अन्य गरी २५ भन्दा बढी गायक गायिकाको संलग्नता रहेको थियो । अभियान अन्तर्गत रेकर्ड भएका गितमा नियमित कलाकारका रूपमा रेवती पौडेल, तारा थापा, देवी आले, रोमु भुजेल, रत्न श्रेष्ठ, शर्मिला बि.सी., टेकराज भण्डारी, धिरज कोईराला, यशोदा केसी, अञ्जान कार्की, टंक रेउले, दिलु बिसी, देवी कुमारी बस्नेत, सागर बिसी, सिमा थापा, शान्ति घर्ती, रमिला बुढामगर, श्याम राना, रेजिना परियार, रन्जिता विक, राममाया थापा, टिका पुन लगायतको स्वर रहेको छ ।

अतिथि कलाकारका रूपमा भगवान भण्डारी, शर्मिला गुरूङ, ईन्द्र जिसी, शिला आले, टिका पुन, कृष्ण रेउले, अन्जु गौतम (पुर्वेली), रोहित राई, लक्ष्मी आचार्य, सुनिल नेपाली, सन्जु तामाङ, मिना बुढाथोकी, प्रिया राई, शितल कल्पना, सरिता केसी, विष्णु श्रीपाली लगायतले ऐक्यबद्धता जनाउँदै गीत गाएका छन् । यसैगरी अभियानलाई साथ दिन स्थानीय निकाय, सामाजिक सुरक्षा कोष, स्वास्थ्यविद्, विभिन्न संघसंस्थाका प्रतिनिधी, अभियानकर्मी, वरिष्ठ लोक तथा दोहोरी गायक, असंगठित क्षेत्रका श्रमिकले उपस्थिति जनाएका छन् । गीतहरू महिलाका निम्ति महिला मञ्च नेपालको अफिसियल युट्युब च्यानल वफोवन (WOFOWON) मा प्रत्येक शुक्रबार सार्वजनिक गर्ने गरिएको छ । केही भाग सार्वजनिक भइसकेका छन् ।

# गायिका मिरा राणाले गरिन् गीतकार कल्पना आङबुहाङको चार भिडियो




**म्यूजिक खबर/काठमाडौं**

गीतकार कल्पना आङबुहाङको चार वटा गीतको भिडियो सार्वजनिक गरिएको छ । गीतकार संघ नेपालको आयोजनामा सम्मानित गायिका मिरा राणाको प्रमुख आतिथ्यतामा उक्त चार भिडियोलाई सार्वजनिक गरिएको हो । गीतकार संघ नेपालका अध्यक्ष बसन्त वित्यासी थापाको सभापतित्वमा भएको उक्त कार्यक्रममा संस्कृतिविद एवं सम्मानित संगीतकार बुलु मुकारूङ, नारायण गोपाल संगीत कोष एवम् तारादेवी स्मृति फाउन्डेसनका अध्यक्ष दिपक केसी, सम्मानित गायिका कविता आले, गीतकार संघ नेपालका निवर्तमान अध्यक्ष शुभ मुकारूङ लगायतको विशिष्ट आतिथ्यता रहेको थियो ।

गीतकार संघ नेपालका उपाध्यक्ष रमेश कोइरालाले उपस्थित अतिथिहरूलाई स्वागत गर्दै गीतकारहरूको लगानी कसरी सुरक्षित गर्ने भन्ने विषय प्रमुख रहेको बताए । उनले गीतकारहरूको हक, अधिकार र बौद्धिक सम्पत्तिको संरक्षण गर्नका लागि संघ सदैव क्रियाशील रहेको बताए ।

कार्यक्रममा गीतकार संघ नेपालका निवर्तमान अध्यक्ष शुभ मुकारूङले गीतकार कल्पना आङबुहाङको सिर्जना पूर्वेली लोकलय र भूगोल अनुसारको रहेको बताउँदै सफलताको शुभकामना समेत दिए । त्यस्तै नारायणगोपाल संगीत कोष एवं तारादेवी स्मृति फाउन्डेसनका अध्यक्ष दिपक केसीले गीतसंगीतका लागि महाविद्यालय खोल्न लागेको बताउँदै सर्जकहरू धरापमा परिरहेको अवस्थामा स्थानीय निकायले आफ्ना क्षेत्रका सर्जकहरूको पहिचान गरी विशेष व्यवस्था निर्माण गर्नुपर्ने बताए ।

संस्कृतिविद् एवं प्रतिष्ठित संगीतकार बुलु मुकारूङले गीतकार कल्पना आङबुहाङका सिर्जनाहरूले सबैको मन जित्ने विश्वास व्यक्त गर्दै शुभकामना दिए । मुकारूङले समग्र संगीत क्षेत्रको उत्थानमा समय खर्चिँदै आउँदा भोगिएका र देखिएका कुराहरूले पनि सुरक्षित गन्तव्यको खोजी गर्नुपर्ने समय आएकोसमेत बताए ।

गीतकार कल्पना आङबुहाङले गीतिलेखनको अनुभव सुनाउँदै भनिन्– 'घरबासमा छँदा देशको माया लागेजस्तो कहिल्यै भएन तर प्रवास लागेपछि देशको मायाले सताउन थालेपछि सिर्जनाहरू जन्मिन थालेको बताउँदै यो देशको भूगोल, कलासंस्कृति, साहित्य विश्वमा नै फरक प्रकृतिको रहेको पाएँ । त्यसैले जानी नजानी सिर्जनाहरू कोरेर बजारमा ल्याउने काम गरेको हुँ ।' गीतका आङबुहाङले आगामी दिनमा पनि यहाँहरूको माया पाइरहँदा सिर्जनाहरू लिएर आउने प्रण गरिन् ।

कार्यक्रमका प्रमुख अतिथि सम्मानित गायिका मिरा राणाले गीतकार कल्पना आङबुहाङलाई शुभकामना दिँदै गीतकार संघ नेपालले आफ्ना सर्जकहरूको सिर्जना शिल्पलाई बजारमा ल्याउने प्रोत्साहन गरिरहेको बताउँदै गायक गायिकालाई पनि गीतकार संघ नेपालका कार्यक्रमहरूमा जोड्दै लगेकोमा खुशी व्यक्त गरिन् । उनले २०५६ सालमा नेपालको गीतसंगीतको पहिलो संस्थाका रूपमा सांगीतिक संघ नेपाल स्थापना गरेका दिनहरू सम्झँदै गीतकार, संगीतकार र गायक गायिकाको साझा थलो बनाएकोमा आज आ–आफ्नै संस्था निर्माण हुनु झन् फराकिलो भएको बताइन् ।

कार्यक्रमका सभापति गीतकार संघ नेपालका अध्यक्ष बसन्त वित्यासी थापाले सभालाई समापन गर्दै गीतकार कल्पना आङबुहाङले आफ्नो संघलाई कार्यक्रम आयोजना गर्ने अवसर दिएकोमा धन्यवाद व्यक्त गरे । गीतकार आङबुहाङका सिर्जना र लगानीलाई सुरक्षित बनाउन र त्यसबाट प्रतिफल लिन अझै कठिनाइ भइरहेको बताउँदै बौद्धिक सम्पत्तिको अधिकार स्थापित गर्नका लागि गीतकार संघ अझै अभियानमा नै रहेको बताए । सरकारी क्षेत्रबाट नै नियम कानून नबन्नु र सरकार परिवर्तनसँगै हाम्रा मागहरू सम्बोधन नहुनेले चुनौति यथावत रहेकोमा सबैको ध्यानाकर्षण समेत गराएका थिए । हरेक गीतकारहरूले आफ्नो मनसँगै आफ्नोपन, परिवार, समाज, समुदाय, भेग, परम्परा संस्कृति एवं जागरण, चेतना, सन्देश, ज्ञान दिलाउने गीतहरू लेख्नुपर्ने बताउँदै गीतकार आङबुहाङका गीतहरूले समाज बोलेको बताए ।



कार्यक्रमलाई यासेली योङहाङले संचालन गरेका थिए । कार्यक्रममा गीतकार कल्पना आङबुहाङका चार गीत पेलि फाक् सेवारो, परदेशी जीवन, पत्थर कोइला र हुलाकी दाईको भिडियो सार्वजनिक गरिएको थियो ।



# गीति लेखनमा रमेशको ३५ वर्ष: बटुलेर सासदेखि कुरा सिधै छ सम्म

**सबिता पोखरेल/म्यूजिक खबर**

रमेश कोइरालाको परिचय अधिबक्ताका रूपमा मात्र चिनाउँदा अन्याय नै हुन्छ । उनी नेपाली सांगीतिक क्षेत्रका एक मुर्धन्य गीतकार पनि हुन् । उनको यी दुई व्यक्तित्वमा धेरै समानता पनि पाइन्छ । वकालत पेशामा जस्तै उनको गीति लेखन यात्राले पनि ३५ वर्ष नाघिसकेको छ । बि.सं २०४५ सालदेखि न्याय सेवामा प्रवेश गरेका उनले २०४५ मै पहिलो गीत रेकर्ड गराए । त्यसयता गीत लेखेर संगीत क्षेत्रलाई धनी बनाउँदै आएका छन् । बि.स. २०२३ असार २३ गते जन्मिएका कोइराला झापा गौरीगन्जका हुन् । कल्याण प्रसाद कोइराला र जानुकादेबी कोइरालाका ५ सन्तान मध्ये कान्छो सन्तानका रूपमा उनको जन्म भएको हो । गौरीगन्ज माध्यमिक विद्यालयमा प्रारम्भिक शिक्षा गरेका उनले जनता कानून क्याम्पस बिराटनगरबाट पिसिएल गरे । त्यसपछि काठमाडौँ आएर नेपाल ल क्याम्पसमा आफ्नो थप पढाइलाई निरन्तरता दिए । अहिले उनी नामी अधिबक्तासँगै सफल गीतकार पनि बनिसकेका छन् ।



३५ वर्षको करिअरमा उनले लेखेका १५० भन्दा बढी गीतहरू रेकर्ड भइसकेका छन् । यसो त कलिलो उमेरदेखि नै उनीभित्र गीत तथा कविता लेखनमा गजबको अनुराग थियो । स्कुले जीवनमै गीत लेखेको स्मरण गर्दै उनले भने – 'त्यतिबेला देखि अहिले सम्म मैंले लेखेका सिर्जनाका चाङ लागेको छ । गीतले भरिएका डायरी नै होलान् १० वटा जति त । त्यस्तै गीत गन्यो भने पनि १००० बढी पुग्ला ।' उनको करिअरको पहिलो गीत भने 'बटुलेर सास' हो । नरेन्द्र प्यासी र संगीता प्रधान रानाको स्वरले सजिएको यो गीत सार्वजनिक भएपछि उनमा गीति लेखनका लागि अझ हौसला मिल्यो । यो गीत उनको घात नामको एल्बममा रहेको छ । त्यस यता उनले एल्बम मात्रै सातवटा सार्वजनिक गरिसकेका छन् । अभिलाषा, अभिलेख, दिल-दिल, शिलशिला लगायतका एल्बमले उनको परिचय मजबुत त बन्यो नै गहिरो सन्तुष्टी पनि अनुभुत गरे ।

उनले लेखेका गीतमा रत्न बहादुर, शुशिल विश्वकर्मा, नरेन्द्र प्यासी, दिप तुलाधर, मणीकमल क्षेत्री, सुनिल मास्के लगायतका दर्जनौं सिद्धहस्त संगीतकारहरूले संगीत भरिसकेका छन् । त्यस्तै, मुरलीधर, दिप श्रेष्ठ, ओम बिक्रम विष्ट, कुमार सानु, कुमार कान्छा, उदय सोताङ, स्वरूपराज आचार्य, रिमा गुरूङ होडा, थुप्देन भुटिया, कर्ण दास, सपनाश्री, अन्जु पन्त, निशा देशार, प्राश्ना शाक्य, मनोजराज शिवाकोटी, जुना प्रसाईं, आनन्द कार्की, राजेशपायल राई, यम बराल लगायत दर्जनौ सुप्रसिद्ध गायक गायिकाहरूले गाइसकेका छन् ।




सोखले गीति क्षेत्रमा होमिएका गीतकार कोइरालाले लेखेका गीतमा विशेषतः माया प्रेमको संयोग र वियोग पाइन्छ । जति सुन्यो, सुनिरहुँ लाग्ने हुन्छन् । उनले लेखेका गीतलाई संगीतका उस्ताजबाटै प्रंशसा गर्ने गरेका छन् । गायक दिप श्रेष्ठको स्यावासी र प्रशंसालाई उनि कहिलै भुल्दैनन् । अग्रजहरूबाट पाउने यस्तै फूर्क्याइबाट नै अझ हौसला मिल्ने गरेको बताउँछन् । जीवनका आरोह र अवरोहमा उनले थुप्रै प्रेमध्वज प्रधान, तारादेबी, नारायण गोपाल जस्ता द्विग्गज संगीत साधकसँग प्रत्यक्ष भेट्ने अवसर पाए । त्यो भेट, गरिएका सहकार्य, संगीतको अनुरागका कारण पनि उनी गीति लेखनमा निरन्तर लागिरहेका छन्, अबिरल बगिरहेका छन् ।

उनका सिर्जना जति प्रेरक र मिठासपूर्ण छन्, उनको व्यक्तित्व पनि त्यत्तिकै शालीन र सौम्य छ । झरी परेको रात थियो, पूर्णेको जून औंशीको तारा, नभिम्क्याउ परेली, डाँडापारी लेकभरी, मेरो माया, तिम्रो सिउँदो कसले भन्यो, यो जिन्दगीमा तिमीलाई सम्बोधन, उनका करिअरका महत्वपूर्ण गीतहरू हुन् ।

गीतकार रमेश कोइराला यतिबेला गीतकार संघ नेपालका उपाध्यक्ष पदमा रहेर गीतकार हरूको हकअधिकारको पक्षमा वकालत गरिरहेका छन् । साधारण सदस्य हुँदै एक कार्यकाल महासचिवको भूमिका सफल रूपमा निर्वाह गरिसकेका छन् । हाल उनी गीतकार संघ नेपालमा उपाध्यक्षको कार्यभार सम्हाल्दै आएका छन् । त्यस्तै विभिन्न सांगीतिक संघ संस्थाहरूको कानूनी सल्लाहकार रहेका उनी जहाँ गए पनि र जहाँ रहेपनि गीतमै समर्पित हुन चाहन्छन् । संघर्षकालका 'रूममेट' गाउँले भान्जादेखि अहिले वकालत पेशामा जोडिएका साथी, ठोकिएका व्यक्ति-व्यक्तित्वहरू सबैले दिएको साथ र हौसलालाई पनि कहिलै बिर्सन सक्दैनन् ।

उनको पछिल्लो गीत 'कुरा सिधै छ' हो । गीतकार कोइरालाको गीतको म्यूजिक भिडियोलाई 'रमेश कोइराला' नामको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ । गीतमा दिनेश गौतमको कर्णप्रिय स्वर, पुस्तक प्रसादको संगीत र एसके बच्चाको संगीत संयोजन रहेको छ । बिजय बिस्फोटको निर्देशनमा गीतको भिडियो तयार भएको हो । भिडियोमा लियो राई (गोबिन्द) कीलिना सिजवाल, यमुना रसाल, शेर शाही, सन्दिप वली, सनी गौतम, समुल गुरूङ, भुपेन्द्र पाण्डे, बैठक पौडेल लगायतका कलाकारले अभिनय गरेका छन् । क्राइसिस ज्याकले छायांकन गरेको भिडियोलाई शेर शाहीले सम्पादन गरेका हुन् । यो गीतलाई पनि हेर्ने/सुन्नेहरूले राम्रो प्रतिक्रिया दिएका छन् । यो प्रशंसाले पनि गीति लेखनका लागि अझ हौसला र उत्साह मिलिरहेको बताउँछन् । उनले लेखेका थुप्रै गीतहरू रेकर्ड भएका छन्, जो सार्वजनिक भएका छैनन् । अब तिनै गीतहरूलाई सार्वजनिक गर्नेसोचमा छन् । त्यस्तै गीतहरूको संगालो पुस्तक नै निकाल्ने पनि तयारी गरिरहेका छन् । स्वतन्त्र कानुनी सेवा नामको ल फर्म सञ्चालन गर्दै आएका छन् । उनी भन्छन्– 'कानुनी कामकाजसँगै जीवन र हृदयको संवेग रहेसम्म दिमाग र कलम गीति लेखनका लागि चलाउने छु ।'


जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ
जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र निःशुल्क रूपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।

नारायण बहादुर सुवेदी
वडा अध्यक्ष
गोकर्णेश्वर नगरपालिका
५ नं. वडा कार्यालय

बागमती प्रदेश, नेपाल, जोरपाटी, काठमाडौं
फोन नं: ०१४९१३६७४

# गोविन्द मधुरको दुई दशक: संघर्षदेखि सफलतासम्म

सबिता पोखरेल/म्यूजिक खबर


Photo: Artistkhabar

*सारा दोष मलाई दिन्छौ, मेरो गल्ती केहि छैन*
*भन्छेउ अरे म मरेनी केहि फरक पर्दैन*
*एकदिन उज्यालो छाउँला,*
*मेरो पनि त दिन आउला*
*मरेको छैन अझै म मरेको छैन ।*

पछिल्लो समय सुगम संगीतमा सर्वाधिक रूचाइएको गीत हो यो । यो गीतमा गोबिन्द मधुर आचार्यको स्वर, संगीत रहेको छ । शब्द समेत दिनेश अधिकारीसँग मिलेर उनैले लेखेका हुन् । ति सबै काममा उनले न्याय गरेका छन् । यो गीतलाई 'गोबिन्द मधुर आचार्य' नामको युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो । जब यो गीत सार्वजनिक भयो, गोबिन्दको चौतर्फी चर्चा भयो । गीतलाई राम्रो भ्यूज आयो, न्यूज पनि उस्तै गरि । सांगीतिक क्षेत्रमा दुई दशक बिताइसकेका संगीतकार गोबिन्दलाई यहि गीतले गायकको रूपमा समेत स्थापित गरायो । उनको निखारिएको गायन र संगीतले सांगीतिक धरातलमा उचाई कायम गऱ्यो । यतिखेर गीतले साढे एक मिलियन भ्यूज क्रस गरिसकेको छ । गोबिन्दको जीवनकै अत्यन्तै न्यून लगानीमा बनेको गीत हो यो । गणितीय हिसाबमा भन्नुपर्दा ५–१० हजार खर्च भयो । यसअघि धेरै लगानी गरिएका गीतलाई कमैले सुने । च्यानलमा रहेका अरू गीतमा सामान्य भ्यूज जाने गरेको थियो तर यहि गीतको सपोर्टले अन्य गीतको समेत भ्यूज बढाएको छ ।

गोविन्द दुई दशकदेखि सबै कुरा भुलेर संगीतमा नै लिप्त भएका छन् । मीठा मीठा गीतहरू पस्किरहेका छन् । तर, उनलाई अहिले नयाँ गायक भन्नेहरू पनि धेरै छन् । अहिले गीत हिट भइरहेकाले र भर्खरै मिडियाले पनि स्थान दिन थालेकाले उनलाई नयाँ ठानिएको हो । यो कुरामा पनि गोविन्द दुःखी छैनन् । उनी भन्छन् – 'नयाँ भनेर चिन्नेहरूलाई मेरो पुरानो गीत सुनाउँदा छक्क पर्नुहुन्छ । त्यो पनि मलाई रमाइलो लाग्छ । कतिले कहाँ हराएको थियो यति मीठो आवाज भनेर कमेन्ट गर्नु भएको छ । आवाज हराएको होइन, श्रोताको कानसम्म त्यो आवाज नआईपुगेको मात्र हो ।' त्यसैगरि सयौंचोटी सुन्दा पनि धित मर्दैन, जति सुनो उति सुनौं लाग्ने गीत' भन्ने भावका प्रशस्तै कमेन्टहरू अहिले पनि पढ्न पाइन्छ । उनको स्वरमा रहेको नयाँ गीत 'एकदिन उज्यालो छाउला मेरो पनि दिन आउला'ले धेरैको मनलाई आनन्द दियो, कानलाई शितलता दियो, उनको आफ्नै लागि पनि साँच्चै दिन आएको छ । संगीतकारका हिसाबमा स्थापित र लोकप्रिय भएता पनि गायनमा यही गीतलाई टर्निङ प्वाइन्ट मान्छन् ।

हुन पनि सङ्गीत, स्वर र रचनाको त्रिवेणीबाट कालजयी गीतहरू पस्कन सफल आचार्यको सङ्गीतप्रतिको पृष्ठभूमि खोज्दा एक इतिहास बनेको छ । गोविन्दले यहाँसम्म आइपुग्न निकै लामो यात्रा पार गरेका छन् । उनले मध्यपश्चिमान्चलको दाङबाट काठमाडाको दूरी मात्र पार गरेनन्, २० वर्षे लामो समय सांगीतिक क्षेत्रमा खर्चेका छन् । उनी ०५९ सालदेखि सांगीतिक करिअरमा होमिएका हुन् । 'कान्छीको रूमाल खस्यो पानीमा' गीतकार लोकराज अधिकारीले लेखेको लोकगीतबाट गायनयात्रा सुरू गरेका हुन् । आफ्नै दाई सन्तोष आचार्यसँग मिलेर गाएको यो गीतले उनलाई स्थानिय रूपमा गायकको परिचय दिलायो ।

त्यसयता गीत गाइरहे । संगीत पनि भर्न थाले । स्वर सुन्नेहरूले आहा नै भनिदिन्थे । तथापी संगीतमा बढी छाए । उनले थुप्रै गीतमा संगीत भरेका छन् । लोकराज अधिकारीको शब्द, अन्जु पन्त र मनोजराज शिवाकोटीको स्वर रहेको 'मर्छु बरू छट्पटीमा तिम्रो सामु पर्दिनँ' बोलको गीतमा संगीत भरे तब उनी संगीतकारका रूपमा स्थापित भए । संगीतकारको रूपमा बिक्न थाले । यसैगरी स्वरूपराज आचार्यको स्वर एवं सुदिप रेग्मीको शब्दमा रहेको गीत 'भन के के गर्नुपर्छ तिम्रो साथ पाउनलाई' पनि उतिकै रूचाइएको छ । पूर्णिमा लामाको स्वर रहेको फूल भनुँ जिन्दगीलाई, सन्दिप न्यौपानेको ओक्कल दोक्कल पिपल पात जस्ता थुप्रै चर्चित गीतहरूमा उनको संगीत सुन्न सकिन्छ । यात्राका क्रममा ६ वर्षअघि 'मधुर' एल्बम सार्वजनिक गरे । उनको करिअरमा यो एल्बमले पनि राम्रै चर्चा दिलायो । एल्बमा चोली फाट्यो कि, तिम्रो भइनँ भने, भाग्यमानी लेख्नु, तिमीले मलाई, तिम्रो भइनँ भने, तिमी पनि, तिमीले मलाई, बदनाम त मेरै, सिउँदो तिम्रो, तिमीसँगै गीतहरू समाहित छन् ।

उनी सबै विधाका गीतमा संगीत भर्छन्, गीत गाउँछन् । दोहोरीसँगै आधुनिकदेखि र चलचित्रका गीतका लागिसम्म काम गरेका छन् । नाम चलेका थुप्रै गायक गायिकासँग सहकार्य गरेका छन् । गोविन्दको स्वर, शब्द र संगीत गरेर ६–७ सय भन्दा धेरै गीत छन् । उनले आफैं पनि करिब डेढ सय गीत गाइसकेका छन् । थुप्रै गीतमा संगीत भरेका छन् । संगीत संयोजन उत्तिकै गरेका छन् । संगीत संयोजन भने बाँच्नका लागि रोजेको बाटो मान्छन् । जसले संगीतको अन्य पाटोलाई पनि ठुलो सहयोग गरेको छ । उनले धेरैलाई अवसर दिए । ज्योति मगरलाई काठमाडौं बोलाए, जो लामोसमयदेखि महोत्सवकी हट केक बनेकी छिन् । त्यस्तै पूर्णिमा लामालाई गायनमा फस्ट ब्रेक दिए, जसको चौतर्फी चर्चा भयो । बिन्दु परियारलाई सहयोग गरे जो आज पार्श्व गायनदेखि आधुनिक गायनसँगै महोत्सवमा पनि व्यस्त छिन् । उनले अवसर दिएका यस्ता धेरै कलाकारहरू छन् जो व्यस्त र सफल छन् ।

जीवनको दुई दशक लामो अनुभव प्रयोग गरिरहेका गोविन्दलाई अहिले बधाई दिने र खुशी साट्नेहरू थुप्रै छन् । उनी संगीतकार सुरेश अधिकारीलाई आइडल मान्छन् । उनै आइडल मानेको अग्रज संगीतकारले एकदिन उनको प्रशंसा गरिदिए । संगीतकार अधिकारीले एकदिन उनकै अगाडी 'एकदिन उज्यालो छाउला' गीतका लागि प्रशंसा गरेका थिए । अग्रज संगीतकारले अर्को अनुज संगीतकारलाई गरेको हौसलालाई उनी जीवनकै ठूलो अवार्ड पाएको महसुस गरेका छन् ।

'संघर्ष गरेपछि सफल भइन्छ', धैर्यता गरे फल पाइन्छ' यी भनाइहरूलाई सिद्ध गरेका छन् उनले । गोविन्द आफ्नै रोजाईले यो क्षेत्रमा आएका हुन् । उनको रोजाईका लागि परिवारबाट कहिले दबाब भएन । आमा–बुबा मात्रै होइन, दाजु भाउजु र दिदी भिनाजुबाट समेत सपोर्ट पाए । बरू लामो संघर्षले कहिलेकाहिं गोविन्द स्वयं बिचलित भए । उनी सुनाउँछन् – 'सँगैका साथी कोहि जागीर खाएर पेन्सन पाउने भए, व्यपार गर्नेहरू र परदेशीएकाहरूले समेत घर घडेरी जोडे । परिवारलाई राम्ररी व्यवस्थापन गरे । यो देख्दा कहिलेकाहिं निराशले नछोएको होइन । तर परिवारको प्रेम, सहयोग र संगीतको शक्तिले त्यो सबैलाई बिलिन गरायो । अरू त अरू ८५ वर्षे बुबा समेत खुशी हुनुहुन्छ ।'

उनी गीत त मीठो गाउँछन् नै जस्तोसुकै परिस्थितिमा पनि गाउँन सक्ने क्षमता समेत छ । 'रोल्पा आइडल'को निर्णायकका लागि एग्रिमेन्ट गरिसकेका थिए । जानै पर्ने थियो । त्यहि दिन आफ्नै भाउजुको १३ औं दिनको काम । दुःखद् त्यो परिस्थितिलाई पनि ह्याण्डल गर्दै निर्णायकको भूमिका निर्वाह गरे । गीत पनि गाए । यो कुरालाई उनी जीवनमा कहिलै भुल्न नसक्ने बताउँछन् । उनी भन्छन्– बाटोमा हिंडिरहेको बेला साथीहरूले ग्याङमा बसेर गीत गाउन अनुरोध गर्दा होस् या कहिलेकाहिं होटलमा मिटिङका लागि अथवा खाजा या खानाका लागि बसिरहेको बेला ओहो तपाईंसँग भेट भयो, गीत सुनौं न एउटा भन्नुहुन्छ । यो पनि माया नै जस्तो लाग्छ । असहजतामा पनि सहज हुँदै सकेसम्म गीत सुनाउने गरेको छु ।

आँखा चिम्म गरेर उनको गायकी सुन्दा कता कता स्वरूपराज आचार्यको आभास आउँछ । स्वरूपराज आफैं झुक्किएका छन् गोविन्दको स्वर सुनेर । –रेकर्डका लागि एउटा गीतको डमी स्वरूप दाईलाई पठाएको थिएँ । दाइले फोन गरेर कसको स्वर भन्नु भयो । मैले मेरो आफ्नै हो भने । दाईले सेमत मेरो जस्तै छ त भन्नुभयो ।' गोविन्द अझै अगाडी भन्छन् –धेरैजनाले स्वरूपदाईको जस्तै भन्नुहुन्छ । लोकप्रिय आवाजका धनीसँग मेरो आवाज मिल्छ भनिदिंदा खुशी लाग्छ । मलाई पनि दाईसँग ट्युन मिलेजस्तो लाग्छ । तर दाईको बेस अलि मोटो छ, मेरो अलि पातलो छ ।'

यतिबेला धेरैको मनमुटुमा बसेका गायक सांगीतिक महोत्सवहरूमा भने त्यति सक्रिय देखिंदैनन् । गीत चलेको छ, तर गायक स्टेजमा देखिंदैन नि ? भनेर हामीले प्रश्न गर्दा उनी भन्छन् – 'मेला महोत्सवमा राजनीति हुन्छ भन्ने सुन्दै आएको छु । सायद राजनीति गर्न नजानेर हो या, मेरा गीत स्टेजमा नचल्ने खालका भएर हो । तर मेरा गीत सुन्ने मात्रै छैनन् । नचाउने र उफार्ने सबै किसिमका छन् । यसो त म आफैं पनि मरिहत्ते गर्दिनँ । अहिलेसम्म जहाँ जति जान पाएको छु । त्यसमा पनि खुशी छु ।'

वास्तवमै कुराकानी अवधीभर कहिलै दुःखी देखिएनन्/सुनिएनन् उनी । उनी आशावादी पनि छैनन् र निराशावादी पनि होइनन् । हुन् केवल कर्मवादी । उनी आफ्नो कर्ममात्रै विश्वास गर्छन् । उनी सकारात्मक सोचका धनी छन्, सादगी छन् । गोबिन्द साँच्चै सांगीतिक क्षेत्रका 'गोबिन्द' नै हुन्, 'मधुर' त यसै पनि सुनिएकै छन् ।





# डा.शिव सुवेदीको "म त तिम्रो हैन"



**म्यूजिक खबर/काठमाडौं**

गीतकार डा. शिव सुवेदीको नयाँ गीत 'म त तिम्रो हैन' सार्वजनिक भएको छ । गीतकार संघ नेपालको आयोजनामा भएको कार्यक्रमका प्रमुख अतिथि पूर्व कानुन, न्याय तथा संघीय मामिला मन्त्री पदमकुमार गिरी, विशिष्ट अतिथि लोक तथा दोहोरी गीत प्रतिष्ठानकी अध्यक्ष रिता थापा मगर र कार्यक्रमका सभापति गीतकार संघ नेपालका अध्यक्ष बसन्त वित्यासी थापाले संयुक्त रूपमा सार्वजनिक गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि पूर्वमन्त्री पदमकुमार गिरीले डा.सुवेदीको गीत 'घाम जस्तो चम्किलो हुँदैन' समेत १७ वर्षअघि विमोचन गरेको स्मरण गराए । पोखराको पृथ्वीनारायण क्याम्पसमा स्ववियु सभापति हुँदा उक्त गीत सार्वजनिक गरेको स्मरण गर्दै उनले डा.सुवेदीको सक्रियता र निरन्तरतालाई मैले नजिकबाट नियालेको बताए । डा.सुवेदीको घर आफ्नो बास बस्ने घरसमेत भएकोले पारिवारिक रूपमा पनि नजिक रहेको बताउँदै गीतसंगीत क्षेत्रमा अनुकुल नीति निर्माणका पक्षमा आफू सधैं उभिएको बताए ।

प्रतिष्ठानकी अध्यक्ष थापामगरले डा.सुवेदीका गीतले लोक तथा दोहोरी क्षेत्रको गरिमा कायम राखेको बताउँदै युट्युबमा भ्युज बढाउन मौलिकता, कला र संस्कृतिमाथि नै धावा बोल्न क्रम चलिरहेको बताइन् । भूकम्प विद्यामा विद्यावारिधी गर्न विदेशिएका डा.सुवेदी नेपाल फर्केर लोकसंगीतलाई निरन्तरता नदिने हो कि भन्ने चिन्ता रहेकोमा स्वदेश फर्केर नयाँ लोकदोहोरी गीत सार्वजनिक गरेको देख्दा खुशी व्यक्त गरिन् । उक्त गीतमाथि गीतकार आनन्द अधिकारी, राजकुमार बगर र बैकुण्ठ महतले समिक्षा गरेका थिए । गीतकार अधिकारीले लोक संगीत मुटुको गीत रहेको बताए । उनले भने, 'शास्त्रीय गीत दिमागबाट बन्छ, लोकगीत मुटुबाट आउँछ । यो गीतमा गहिरो साहित्य, विम्ब र स्पष्ट दर्शन भेटेको गीतकार अधिकारीले बताए ।

त्यसैगरी अर्का समिक्षक बगरले डा.सुवेदीका गीतमा सधैं फरकपन भेटिने उल्लेख गरे । 'लोकसंगीतमा उहाँको छुट्टै पहिचान छ । यो त्यसैको निरन्तरता हो तर यसपल्ट संगीतमा केही फरक आभाष गरेको छु,' उनले भने । त्यस्तै समिक्षक महतले गीतकार डा.सुवेदी गण्डक क्षेत्रको मौलिक भाषा र शैलीलाई गीतसंगीतमा कायम राख्न सफल भएको बताए । जसले गीतलाई मौलिक र श्रवणीय बनाएको उनको भनाइ थियो । पहिलो गीत सार्वजनिक हुँदा आफू रेडियोकर्मी भएको स्मरण गर्दै महतले भने- 'म उहाँको पहिलो गीतबाट नै प्रभावित भएको थिएँ । त्यसपछि निरन्तर उहाँको मन छुने सिर्जना आइरहेको छ ।'

कार्यक्रमलाई गीतकार संघ नेपालका उपाध्यक्ष रमेश कोइरालाले स्वागत मन्तव्य दिँदै स्रष्टा र सिर्जनाको बौद्धिक अधिकार, लोकसंगीत र आधुनिक संगीतभित्रका फरकपनलाई संघले जोड्नसमेत सफल भएको बताएका थिए । कार्यक्रममा अभिनेता कठायतले डा सुवेदीसँग पढाइ र संगीत दुवैमा आफूले सहकार्य गरेको स्मरण गर्दै सफलताको शुभकामना दिएका थिए ।

त्यस्तै कार्यक्रमलाई सम्बोधन गर्दै सभापति गीतकार संघ नेपालका अध्यक्ष बसन्त वित्यासी थापाले डा.शिव सुवेदीका गीतहरू हिजो जस्तै लोकप्रिय बन्न सफल हुने बताए । अध्यक्ष थापाले गीतकार संघ नेपाल लोक, आधुनिक, पप जुन विधाका भए पनि गीतकारहरूको साझा संस्था भएकोले आफ्ना स्रष्टाहरूको हक, अधिकार र बौद्धिक सम्पत्तिको लँडाइमा सदैव साथ दिने बताए । डा.शिव सुवेदीको शब्द तथा संगीत रहेको 'म त तिम्रो हैन' गीतमा कुलेन्द्र बिक र शान्तिश्री परियारको स्वर रहेको छ । मौसम हिमालीले निर्देशन गरेको म्युजिक भिडियोमा सनम कठायत, लोमस शर्मा र लालना चिमोरियाले अभिनय गरेका छन् ।

# चलचित्र 'मोदीबेनी'को गीत 'मन्जुरी'




**म्यूजिक खबर/काठमाडौं**

श्रावण १८ गते रिलिज हुने नेपाली चलचित्र 'मोदीबेनी'को पहिलो गीत सार्वजनिक भएको छ । काठमाडौंको सिभिल मलस्थित क्युएफएक्स सिनेमा हलमा पत्रकार भेटघाटको आयोजना गर्दै 'मन्जुरी' शीर्षकको रोमान्टिक गीत सार्वजनिक गरिएको हो । यो गीत इन्टरनेटमा ओएसआर डिजिटलको युट्युब च्यानल मार्फत हेर्न सकिन्छ ।

'मोदीबेनी'को एक महत्त्वपूर्ण अंशको रूपमा रहेको गीतले वर्षा र अमरको प्रेम अंकुरण देखिको यात्रालाई चर्चा गरेको छ । एसडी योगी र विज्ञान पराजुलीको आवाजमा रहेको यो गीतको सङ्गीत एसडीले नै गरेका छन् भने राम अविरल बिस्टले शब्द रचना गरेका छन्। सङ्गीत निर्माता रिकेश गुरूङ हुन् ।

अभिनेत्री वर्षा सिवाकोटी र नव अभिनेता अमर प्रताप श्रेष्ठ गीत सार्वजनिक कार्यक्रमको केन्द्र बने । सिवाकोटी र श्रेष्ठले किरण थापाले कोरियोग्राफी गरेको यस गीतमा सुन्दर अभिनय गरेका छन् । गीतमा उत्सव दाहालले छायाँन र भरत रेग्मीले सम्पादन गरेका छन् । नव अभिनेता श्रेष्ठले आफ्नो अभिनयको पहिलो पाइलामा नै सशक्त टिमसँग काम गर्न पाउँदा खुसी व्यक्त गरे ।

"यो मेरो पहिलो प्रयास हो । मलाई यहाँहरूको साथको जरूरत छ । पछिल्लो समय नेपाली चलचित्रमा धेरै नयाँ अनुहारहरूको प्रवेश भइरहेको छ, त्यो मध्ये एक बनेको छु । कला सहितको अभिनेता बन्ने सपना पछ्याउँदै मोदीबेनी मार्फत डेब्यु गरेको छु," अमरले भने, "म आम दर्शकको चाहना अनुसारको प्याकेज अभिनेता बन्न चाहन्छु । मेरो पहिलो फिल्ममा नै किरण थापा जस्तो कोरियोग्राफर पाउनु अहोभाग्य हो । को-एक्टरको रूपमा वर्षा सिवाकोटी जस्तो अनुभवी नायिकासँग अभिनय गर्न पाउँदा धेरै कुरा सिक्न पाएको छु। मलाई विश्वास गरेर आफ्नो पनि पहिलो फिल्म हुँदा हुँदै पनि मलाई डेब्यु गराउने निर्देशक शङ्कर कोइराला, पहिलो फिल्म बनाइरहेको समयमा पनि मलाई विश्वास गरेर लगानी गर्ने निर्माताहरू दिलीप केसी र हरि श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छु ।"

अभिनेत्री वर्षा सिवाकोटीले चलचित्र सुन्दर बनेको बताइन् । आफ्नो जोडीको रूपमा यस चलचित्रमा देखिने कलाकार अमरको कामको उनले तारिफ गरिन् । वर्षाले चलचित्रबाट आफूले निकै आशा बोकेको बताइन् । चलचित्रको बारेमा बोल्दै उनले भनिन्, "यो चलचित्रको टिम नयाँ भए पनि सशक्त छ । म यसको हिस्सा बन्न पाउँदा खुसी छु। चलचित्रले हाम्रै आफ्नो कथा भन्छ र यसमा विश्वासै नलाग्ने सामाजिक घटना देख्न सकिनेछ ।" अभिनेता सरोज खनालले बिहानीले दिनको अवस्था दर्साउँछ भनेजस्तै यो गीतले चलचित्रको भविष्य देखाएको प्रतिक्रिया दिए ।

## बर्गीकृत विज्ञापन

## रेकर्डिङ स्टुडियोहरू

१. राग रेकर्डिङ स्टुडियो
न्यूप्लाजा, काठमाडौं फोन: ९८५१२५६६६६

२. आलाप म्यूजिक रेकर्डिङ स्टुडियो
सामाखुशी, काठमाडौं । फोन:९८४९१५५०९७

३. स्टुडियो अडियो ल्याब
अनामनगर पूर्वीगेट, फोन: ९८६३३३१०८०

४. एम.बी. म्यूजिक रेकर्डिङ स्टुडियो
कपुरधारा, काठमाडौं फोन: ९८४१८७९१०५

५. मारुनी डिजिटल रेकर्डिङ स्टुडियो
उत्तरढोका, काठमाडौं फोन: ९८५११४६१५६, ९८१०९३५९५४, ९८०३६९५९००

५. मेलोडी नेपाल रेकर्डिङ स्टुडियो
अनामनगर, काठमाडौं । फोन: ०१-४१०२६४३, ९८५१२३९३०७, ९८४३२९६७५१, ९८४१६९५२८४, ९८४७४२५२६०,

६.प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं, फोन: ०१-४२६८६१४

## एरेन्जर

- सुदीप सागर, फोन: ९८५११८८२३७
- दीपकराज विश्वकर्मा, फोन:९८६५०४२६८७
- आशिष अबिरल, फोन:९८५१२५६६६६
- विपिन आचार्य, फोन:९८४१८७९१०५

## दोहोरी साँझ

- गाउँले रोधीघर
  मित्रनगर, नयाँबसपार्क
- चाँदनी रोधी नाचघर,
  मित्रनगर, नयाँबसपार्क
- डाँडाघरे रोधीघर एण्ड क्लब
  मित्रनगर, नयाँबसपार्क

## भिडियो निर्माण कम्पनी

- गुरुआमा फिल्म्स प्रा.लि.
  अनामनगर, काठमाडौं । फोन:९८४१११६२६७
- साइभिजन प्रा.लि. अनामनगर
  फोन: ४१०२६८४/९८५१११२६४९
- नारयणी नृत्य केन्द्र, रेडन सामाखुशी
  फोन: ९८४५३०३२२०

## संगीत प्रशिक्षण केन्द्र

- साधना कला केन्द्र, पुतलीसडक
  फोन: ४४४०२२८/४४४०१६८

## बर्गीकृत विज्ञापनका लागि

९८५१००७४३०
९८४१७१०७५१

# छोरीको विहेमा गीतकार मोहित मर्दनको 'मोहित' एल्बम




**म्यूजिक खबर/काठमाडौं**

गीतकार मोहित मर्दन थापाले आफ्नी जेठी छोरीको वैवाहिक कार्यक्रमको अवसर पारेर आफ्ना गीतहरूको एल्बम 'मोहित' सार्वजनिक गरेका छन् । गीतकार मोहित मर्दनकी जेठी सुपुत्री आकांक्षा थापा तथा ज्वाईं दिशान्त बिष्टको वैवाहिक समारोहमा आयोजना गरिएको प्रीति भोजको अवसरमा गीतकार थापाले आफ्नो पहिलो गीति एल्बम "मोहित"लाई सार्वजनिक गरेका थिए ।



गीतकार सङ्घ नेपालका अध्यक्ष बसन्त वित्यासी थापा, उपाध्यक्ष रमेश कोइराला , सम्मानित गीतकार बिश्व बल्लभ, राजेन्द्र थापा, बरिस्ठ सङ्गीतकार राजु सिंह, मनोहर सुनाम, बरिस्ठ लोक गायिका तीर्थ कुमारी थापा, बरिस्ठ चलचित्रकर्मी तथा गीतकार प्रकाश सायमी लगायत बिशिस्ट ब्यात्तित्वहरूले उक्त एल्बम विमोचन गरेका थिए । कार्यक्रमको सहजीकरण गीतकार सुमन बैरागीले गरेका थिए ।

'मोहित' एल्बममा धुवाँ जस्तै उड्छ, मोजै गरौंला, झरनाको चिसो पानी , बिहानीको नौलो , गोधुँली साँझमा, बिहानी पख र हावा चल्यो गीतहरू छन् । जसमा मनोहर सुनाम, मदन सिंह नेपाली, कल्याण सिंह र सुनिल सिंह नेपालीले सङ्गीत दिएका छन् भने जगत मर्दन थापा, दिपेश किशोर भट्टराई, सन्जिब सिंह, बिश्व नेपाली, सुवानी मोक्तान, प्रताप दास र आयुष्मान बिष्टले स्वर दिएका छन् ।

एल्बमका केहि गीतहरूको भिडियो निर्माण भइसकेका छन् भने केहि गीत भिडियो हुने क्रममा छ । गीतहरू बेष्ट टोन म्युजिक युटुब च्यानल मार्फत सुन्न र भिडियो हेर्न सकिन्छ । भकारी म्युजिक डेभलपमेन्ट कम्पनीले 'मोहित' एल्बमको उत्पादन तथा बजार व्यवस्थापन गरेको हो ।

# तारकेश्वर कला प्रतिष्ठानले मनायो आदिकवि भानु जयन्ती



**म्यूजिक खबर/काठमाडौं**

आदिकवि भानुभक्त आचार्यको २११ औं जन्म जयन्ती देश तथा विदेशमा विभिन्न कार्यक्रमगरी मनाइएको छ । यही सन्दर्भमा तारकेश्वर कला प्रतिष्ठानको आयोजनामा बालाजु बाइसधारा पार्कभित्र भानुभक्तको सालिकमा माल्याअर्पण तथा कविता बाचन कार्यक्रमगरी भव्यताको साथ मनाएको छ ।

प्रतिष्ठानका अध्यक्ष उत्तम के.सी.को सभापतित्व र साहित्यकार,कवि श्रीहरि फुयालको प्रमुख अतिथिमा सम्पन्न भएको कार्यक्रममा साहित्यकार भोजराज न्यौपाने, बासुदेब ठकुरी, भीष्मराज ढुंगेल, बालकृष्ण सुवेदी, शम्भु गजुरेल, कृष्णप्रसाद पौडेल, रसुवाली कवी, दिलकुमारी डंगोल र बाल प्रतिभा प्रतिष्ठि भण्डारी, अभिमा घिमिरे लगायतले भानुभक्त सम्बन्धि आ–आफ्ना रचना बाचन दिएका थिए ।

समारोहमा प्रमुख अतिथी श्रीहरिले आदिकवी भानुभक्तको महिमासहित जीवन गाथा वर्णन गर्नुभएको थियो भने बलराम फुयालले भानुभक्तको कविता र साहित्यको बारेमा उल्लेख गर्नुभएको थियो । धुर्बराज खड्काले कला साहित्य गीत संगीत एक अर्काको पुरक रहेको भन्दै आफ्नो धारणा राखेका थिए । प्रतिष्ठानका अध्यक्ष केसीले भानुक्त रामायणको पंक्तिहरू वाचनगर्दै कार्यक्रम सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । केसीले कवि श्रीहरि फुयालले हालै एक लाख धनराशीको महाकवी देवकोटा साहित्य पुरस्कार प्राप्त गर्नुभएकोमा बधाई तथा शुभकामना समेत दिएका थिए ।

कार्यक्रममा चलचित्र निर्देशक अमर वलि, कलाकार विकासकुमार दास, अन्जनी केसी, दिप्तप्रकाश अधिकारी, नरेश वली, केशव सिठौला, हरिहर सिलवाल, समाजसेवी इन्द्रनारायण मानन्धर, बाइसधारा पार्कका कार्यालय प्रमुख निरन्जन बस्नेत, सामाजिक अभियन्ता जेवी रसाइली, राम पाण्डे, सुरेन्द्र थापा लगायतका व्यत्तित्वका साथै स्थानीय बासिन्दाको बाक्लो उपस्थिति थियो ।

गोपाल घिमिरेले सहजिकरण गर्नुभएको कार्यक्रमा प्रतिष्ठानका महासचिव प्रकाशबिक्रम थापाले स्वागत मन्तव्य राख्नुभएको थियो । उपाध्यक्ष रामशरण कोइरालाले संयोजन गर्नुभएको कार्यमलाई बालाजु बाईसाधारा उद्यान कार्यालय र का म न पा १६ ले सफल पार्न सहयोग गरेका थिए । संस्कृत भाषामा लेखिएको राजा रामको जीवनीलाई भानुभक्तले भावानुवादसहित 'रामायण'मा प्रस्तुत गरेका थिए । । उहाँले लेखेको रामायण अहिले पनि नेपालीहरूको घर–घरमा सस्वर लय हालेर पाठ गरिन्छ । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले भौगोलिक रूपमा एकीकरण गरेको नेपाललाई आदिकवि भानुभक्तले भाषा, साहित्य र संस्कृतिमार्फत एकीकरण गरेका हुन् ।


## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दीपा दाहाल र मातृका दाहाललाई "टंकप्रसाद-रमादेवी पाठक अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार"

**म्यूजिक खबर/काठमाडौं**

अमेरिकाको टेक्ससमा रहेको हेम-सरिता पाठक फाउन्डेसनद्वारा स्थापित 'भ्रष्टाचार विरुद्ध'को 'टंकप्रसाद-रमादेवी पाठक अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार' पत्रकारद्वय दीपा दाहाल र मातृका दाहाललाई संयुक्त प्रदान गर्ने निर्णय गरेको छ ।

दुई लाख राशिको 'भ्रष्टाचार विरुद्ध'को 'टंकप्रसाद -रमादेवी पाठक अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार'को नतिजा प्रकाशित गर्दै नेपाली पत्रकारितामा चर्चित प्रकरणहरूमा निष्पक्षतवरमा निडर भएर समाचार सम्प्रेषण गर्नुहुने कान्तिपुर दैनिकका पत्रकार मातृका दाहाल र उकालो डटकमकी दीपा दाहाललाई संयुक्त रूपमा प्रदान गर्ने निर्णय भएको हेम-सरिता पाठक फाउन्डेसन नेपालका अध्यक्ष राधेश्याम लेकालीद्वा जारी बिज्ञप्तिमा उल्लेख छ ।

अमेरिकाको टेक्सासमा स्थापित हेम-सरिता पाठक फाउन्डेसन पत्रकारिता, साहित्य, संगीतलगायत विभिन्न क्षेत्रमा रहेर भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्दनमा सक्रिय छ । यहीमध्येको अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कारू पत्रकार दाहालद्वयलाई प्रदान गर्ने निर्णय भएको अध्यक्ष लेकालीले बताए ।

वि. स. २०४१ असार २९ गते पञ्चन, सोलुखुम्बुमा जन्मिनु भएका पत्रकार मातृका दाहाल नेपाल पत्रकार महासंघ र नेपाल आर्थिक पत्रकार समाज (सेजन)को पनि सदस्य हुनुहुन्छ । उहाँले उजागर गर्नु भएका नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण, सुन तस्करी प्रकरण, बालमन्दिर जग्गा अपचलन प्रकरण, पशुपतिनाथ जलहरी हिनामिना प्रकरण, सहकारी बचत अपचलन प्रकरण, नेपाल प्रहरीको हतियार खरिदमा भएको अनियमितता, पतञ्जली जग्गा अपचलन प्रकरण, राष्ट्रिय परिचयपत्र प्रकरण, नवलपर ासीको रामग्रामको १ सय २० बिघा जग्गा हिनामिना प्रकरण चर्चित अनियमितता तथा घोटालाका रूपमा स्थापित छन् ।

राष्ट्रिय सुरक्षा तथा अपराध, सुशासन, जनचासो र समसामयिक विषयमा केन्द्रीत पत्रकारिता गर्ने दाहालले खासगरी राज्य संरक्षित तथा नीतिगत भ्रष्टाचार र यसबाट देशलाई भएको अहितका विषयमा खोजविन गर्दै आएकी छिन् । पत्रकार मातृका दाहालले कान्तिपुर भन्दा अघि कारोबार आर्थिक दैनिक, नागरिक दैनिक, दिव्यदर्शन र रहस्य साप्ताहिक जस्ता विभिन्न संचार माध्यममा योगदान काम गरिसकेका छन् । हाल उनी कान्तिपुर दैनिकमा वरिष्ठ उपसम्पादकका रूपमा काम गर्दै आएका छन् ।





विगत गत १८ वर्षदेखि पत्रकारिता गर्दै आउनु भएका मातृका बारबरा फाउण्डेसन खोजपत्रकारिता पुरस्कार २०८१, सेजन खोज पत्रकारिता पुरस्कार २०८० र २०७६, बाट पुरस्कृत भइसकेका छन् । यसैगरी दाहालले अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट सुशासन अवार्ड-२०८० र २०७९, नेपाली पत्रकारहरूको अन्तर्राष्ट्रिय सञ्जालबाट इञ्जा खोजपत्रकारिता पुरस्कार-२०७९, कान्तिपुर दैनिक वर्ष पत्रकारिता पुरस्कार-२०७८ पाइसकेकी छन् ।

पत्रकार मातृकाले त्रिभुवन विश्वविद्यालयबाट पत्रकारिता तथा आमसञ्चारमा स्नातक गरेका छन् भने पत्रकारितामा विभिन्न तालिम तथा प्रशिक्षणहरूसमेत लिएका छन् ।

यसैगरी वि. स. २०४७ वैशाख १९ गते वीरेन्द्रनगर नगरपालिका -१२, सुर्खेतमा जन्मिएकमी पत्रकार दीपा दाहालले बालमन्दिर जग्गा अपचलन तथा नेपाल बाल संगठनको बालगृहबाट बालबालिका बेचबिखन प्रकरण, बाँसबारी छाला तथा जुत्ता कारखानाको जग्गा प्रकरण, विमानस्थल निर्माण प्रकरण, चिया विकास निगम जग्गा प्रकरण, खानेपानी प्रकरण र जुद्दोदय स्कुल प्रकरण जस्ता भ्रष्टाचार विरूद्धमा समाचार सम्प्रेषण गरेकी छन् ।

शिक्षा, वातावरण, स्वास्थ, वैदेशिक मामिला, महिला सशक्तीकरण र राजनीति लगायतका विषयमा समाचार सम्प्रेषण गर्नुहुने पत्रकार दीपा दाहाल सुशासन, जनचासो र समसामयिक विषयमा केन्द्रीत पत्रकारिता गर्छिन् । पत्रकार दीपा दाहालले रेडियो भेरी, जागरण एफ. एम., रेडियो कान्तिपुर, अन्नपूर्ण राष्ट्रिय दैनिक, देश संचार ९अनलाइन० र उकालो डट कम जस्ता विभिन्न संचार माध्यममा योगदान गरेकी छिन् ।

विगत १७ वर्षदेखि पत्रकारिता गर्दै आउनु भएकी दीपा दाहाल विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान र पुरस्कारहरूबाट पुरस्कृत र सम्मानित भइकेकी छिन् । उनले बारबरा फाउण्डेसन खोजपत्रकारिता पुरस्कार २०२४, एन. आर. एन. इन्टरनेसनल जर्नालिजम अवार्ड २०१५, विजयबाबु स्मृति पत्रकारिता पुरस्कार २०७९ तथा उमा सिंह स्मृति पत्रकारिता पुरस्कार लगायतबाट सम्मानित र पुरस्कृत भइसकेका छन् ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत पद्मकन्या बहुमुखी क्याम्पस बागबजारमा पत्रकारिता विषयमा अध्यापन गर्नुहुने पत्रकार दीपाले पूर्वान्चल विश्वविद्यालयबाट पत्रकारितामा स्नातकोत्तर गरेका छन् भने भारत सरकारको इन्डियन इन्स्टिच्युट अफ मास कम्युनिकेसनमा विकास पत्रकारिताको अध्ययन तथा पत्रकारितामा अन्य विभिन्न प्रशिक्षण लिएका छन् । यसअघि हेम-सरिता पाठक फाउन्डेसनले एक लाखको 'भ्रष्टाचार विरूद्धको कविता प्रतियोगिता २०८१' को उत्कृष्ट पच्चीस र एक लाखको 'हेम-सरिता पाठक अन्तर्राष्ट्रिय सङ्गीत पुरस्कार २०८१' को लागि भ्रष्टाचार 'विरूद्धको गीत प्रतियोगिता' को नतिजा घोषणा भइसकेका छ ।

यस्तै प्रतिष्ठानले नेपालमा स्कुल संचालन, विपन्नबर्गको लागि घर निर्माण र आयमुलक कार्यक्रमको लागि रकम अनुदानसमेत उपलब्ध गराउदै आएको छ । यसैगरी प्रतिष्ठानले बाजुरा र झापा जिल्लाका विभिन्न क्षेत्रका अशक्त र असहायलगायत दुर्गम क्षेत्रका विद्यार्थीहरूलाई काठमाडौं ल्याएर पठनपाठन गराइरहेको छ । पुरस्कार निकट भविष्य मै काठमाडौंमा एक समारोहको आयोजना गरी प्रदान गरिने जानकारी प्रतिष्ठानले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।


गायक बन्ने कि संगीतकार

टेन्सन भयो ? नआत्तिनुस् ! संगीत सिक्नुस् !

अब स्पेशल कोर्षमा रू. २०००। छुट

ग्यारेन्टीका साथ सिकाउने ठाउँ

यहाँ गायन, वाद्यवादन (गीतार, हारमोनियम, तबल, पियानो, भायोलिन, मादल र सारङ्गी लगायतका विधाहरु) सिकाइनुका साथै गीत संगीत सम्बन्धी सम्पूर्ण कार्यहरु गरिन्छ ।

"संगीत सिकौं स्वस्थ र समृद्ध बनौं"

श्रुति संगीत विद्यालय

बानेश्वर (मदनभण्डारी कलेज, धोविखोला छेउ) सम्पर्क: ९८५१००८५४५, ९८४१५६६५५८


## स्रष्टा र सिर्जना

### श्रमको कविता खोज्दै जाँदा

– नवराज लम्साल

आज एक जना कवि
कविता खोज्न हिँडे,
उनलाई श्रमिकको कविता लेख्नुछ !
बाटामा भेटिए –
दुई बोरा चामल बोकेर आइरहेका भरिया दाइ
कविलाई लाग्यो, भरियाकै कविता लेखूँ
तर कविको प्रश्न पूरा हुँदा नहुँदै भरिया दाइले भने
म अक्षर चिन्दिनँ बाबु
सोरठी नाचेर आएको हुँ गाउँमा
दोहोरी गाउन सक्छु
जिन्दगीको कविता लेख्न
तिमी पनि एकपल्ट भारी बोकेर हेर !
साग बेचिरहेकी बूढी आमाकहाँ पुगे कवि
आमाले भनिन् :
म मान्छेको जिन्दगी बुझ्दिनँ बाबु
मलाई सागको जिन्दगी थाहा छ, काउली हाँसेको थाहा छ
किन वैलिन्छ फूल थाहा छ, किन धमिलिन्छ पानी थाहा छ
म जान्दिनँ योजनाको परिभाषा
जिन्दगी जान्न यो सडक सफा गरेर हेर !
उद्योगहरूमा पुगे कवि
मेशिन चलिरहेथ्यो
प्रशोधन हुँदैथियो उत्पादित वस्तुको
प्याकेट बन्दैथिए, स्टिकर टाँसिँदैथिए
सयौँको सत्यामा थिए मजदुर
तर कोही बोलेनन् !
ढोका बोल्यो :
पाले दाइको हातको बाक्लो डाम छ मेरो छातीमा
मलाई पढ !
भित्ताले भन्यो :
धेरैको पसिनाले लत्पतिएको छु म
यी सबै भोकै छन्
अलिकति भोकको कविता लेख
अलिकति भातको कविता लेख !
अलिकति खुलेको झ्यालले भन्यो :
यो बन्द संसारमा मुक्ति थुनिएको छ
मजदुरले देखेनन् कुनै मुक्त आकाश
जाऊ मुक्तिका अक्षरमा श्रमको सुकिलो सपना लेख !
काटिएर मेशिन मुनि परेको
कुनै मजदुरको औँलाले भन्यो :
म मेशिन म्यानले उसको छोरालाई टीका लगाइदिने बूढी औँला हुँ
जाऊ त्यो बालकको निधार मुसारेर आऊ !
प्याकेट प्याकेटमा औँला खेलाइरहेका थिए
श्रमिक महिलाहरू
कोही बोल्न तयार भएनन्
नजिकै माटोमा गाडिएको भ्रूण उठ्यो र भन्यो :
म बलात् फालिएको भ्रूण हुँ
जाऊ मानवअधिकारको घोषणापत्र पढेर आऊ !
यसरी भ्रूण फाल्ने आमा रोइरहेकी छिन्
जाऊ आँसुको कविता लेख !
ट्रेड युनियनको जुलुस थियो बाहिर
र नारा थियो :
खान पुग्ने ज्याला दे
समयमै भुक्तान गर !
अघिअघि नारा लगाउनेको नजिकै पुगे कवि
आवाज अक्षर भएर देखियो
र भन्यो :
कवि यसरी जुलुसमा नआऊ, साहूलाई भेट !
साहूले भने :
मलाई नभेट, ठूला दललाई भेट !
दलदलका मजदुर फाँटलाई भेट !
दलका दरिला मुखियालाई भेट !
..........
कवि फर्किए र भने :
भरिया दाइ
पसिनाको दोहोरी गाऊ
म त्यसैमा जिन्दगी पढ्छु !
आमा मलाई काउलीको विरूवा देऊ
माटो कुल्चेर उठेको
मुस्कानको कविता लेख्छु !
ए उद्योगका श्रमिकहरू हो
पर्ख, एकछिन मेशिन रोक
उत्पादन रोकिएपछि
तिम्रो जिन्दगीको कविता लेख्छु
ज्यालाको कविता लेख्छु !
बजारमा हल्ला चल्यो
भव्य कविता आउँदै छ कविजीको !
एकदिन साहूले बोलाए कविलाई र भने :
कविजी हामीले मजदुर बेच्यौँ
राजनीतिले हामीलाई बेच्यो
हामी श्रमिकको मालिक बन्यौँ
र हामीले अमुकलाई मालिक थापेर
श्रमिकको रगत खाएकै हौँ
कति पैसा लाग्छ ?
मलाई पनि एउटा सुकिलो किताब लेख्नु छ कविजी !
कवि फर्किए, कविता लेख्न भनेर फर्किए
तर अचम्म
कविको झोलामा श्रमिकको कविता होइन
दलको घोषणापत्र रहेछ !
र श्रमिकको महत्वमाथि
साहूले लेखेको भव्य किताब रहेछ !

# सर्वसुलभ मूल्यमै स्टाइलिस फेसनका लागि "सुटमाला"



■ म्यूजिकखबर/काठमाडौं

बजार घुम्ने हो भने जहाँ पनि सटिङ सुटिङ अथवा टेलरिङ भेटिन्छ। प्रत्येक घरका एक सटरमा टेलरिङ छ भन्यो भने फरक नपर्ला। एउटा स्विङ मेशिन राखेर 'फलानो टेलरिङ' लेखेर झुन्डिएका बोर्ड कति देखिन्छ कति। देखिएका जुनसुकै टेलरिङमा छिर्‍यो, कपडाको फिनिसिङ नपाइने, अलि राम्रै भनेको ठाउँमा बजेटले नभ्याउने। अहिले आम मानिसको भोगाई हो यो। तर यही भीडमा पनि एउटा यस्तो ब्राण्ड छ जसले सबै वर्गका ग्राहकहरूको चाहना पूरा गर्दै आएको छ। उक्त ब्राण्डको नाम हो 'सुटमाला'। सुटमालालाई चिनाउने अर्को नाम हो 'राज कार्की'।

आकर्षक व्यक्तित्व भएका कार्की सानैदेखि सुटको पारखी थिए। औपचारिक रूपमा आफ्नो अध्ययन पूरा गरेपछि उनले यो व्यवसाय शुरू गरेका हुन्। अध्ययन पश्चात अब के गर्ने ? कुन पेशा ठीक भनेर धेरै सोचे। उनको मनमा दुईवटा सोच आयो। 'खाद्यान्न व्यवसाय' र 'फेसन व्यवसाय' मध्ये के गर्ने भनेर अलमलमा परे। आफू पनि फेसनको पारखी भएकाले फेसन सम्बन्धी व्यवसाय गर्ने मनस्थितिमा पुगे। २०७५ सालमा श्रीराज कलेक्सन नामको टेलरिङ स्थापना गरे। २०७७ मा उनले बागबजारमा सुटमालाको स्थापना गर्दै आफ्नो व्यवसायलाई अझ विस्तार गर्दै लगे। सुटमालाले मूल्य र गुणस्तरमा ध्यान दिएर ग्राहकहरूलाई सेवा दिँदै आएको छ।

'सुटमाला'ले ग्राहकको चाहनालाई बुझेर स्तरीय शर्टिङ, सुटिङ तथा टेलरिङ्ग सेवा दिँदै आएको छ। सर्वसुलभ र स्तरीय पहिरन नै 'सुटमाला'को पहिलो विशेषता हो। गुणस्तरमा सम्झौता नगर्ने भएकोले 'सुटमाला' ले ग्राहकहरूको बिश्वास जितिरहेको छ। यहाँ दक्ष कालिगड पनि छन्। टेलरिङमा चाहिने सबै औजार नयाँ प्रविधिका छन्। त्यसले समय र खर्चमा पनि सजिलो भएको छ। कपडा सिलाइमा फिनिसिङ पनि ल्याउन सकिएको छ। प्रोपाइटर कार्कीले भने –'ग्राहकलाई उनीहरूले रोजेजस्तो कपडा सिलाएर दिन पाउँदा आफूलाई पनि खुसी लाग्छ।' निरन्तर आत्मबल र आत्मविश्वास कायम राखेपछि अहिले उनी यस्तो अवस्थामा पुगेका हुन्।

यतिबेला सुटमाला' कलाकारहरूको समेत रोजाइमा पर्दै आएको। आवाजका दुनियाँका साथी दिनेश डिसी, लोकप्रिय गायक आनन्द कार्की, अभिनेता गजित विष्ट, पत्रकार ऋषि धमालादेखि टेलिसिरियल 'सक्किगोनी' का सबै कलाकारसम्मले यहाँ सिलाएका लुगा लगाइसकेका छन्। यस्ता चर्चित कलाकारहरू धेरैले सुटमालाको ब्राण्ड प्रयोग गरिसकेका छन्।

फेसन स्थायी रूपले रहँदैन। प्रत्येक ऋतु परिवर्तन भएसँगै फेसन पनि नयाँ नयाँ आउँछ। त्यसैले सुटमालामा बिशेष यो तयार गरिन्छ भन्ने छैन। विश्व बजारमा देखिएका सबै डिजाइन तयार गरिन्छ। ग्राहकहरूले चाहेको जस्तो सिलाइन्छ। व्यक्तित्व अनुसार सुहाउँदो फेसनका लागि सल्लाह समेत दिइन्छ। प्रोप्राइटर राज सुनाउँछन्– कतिपयलाई महंगो पो हुन्छकी भन्ने भान हुँदो रहेछ। तर यहाँ आफ्नो बजेटअुनसार नै ड्रेस तयार पार्न सकिन्छ। कम रकम हुनेहरूका लागि पनि त्यही अनुसारको ड्रेस बनाउन सकिन्छ। अझ हामीले केहि समय 'सुट एक्सचेन्ज' अफर नै ल्यायौं। एक हजार बढी ग्राहकहरूले आफ्नो पुराना सुट ल्याएर नयाँ सुट लानु भयो। उनले अझै भने –'यहाँ आफूलाई राम्रो लाग्ने डिजाइनका कपडा मिडियम रेन्जमै तयार गर्न सकिन्छ। सर्वसुलभ मूल्यमै स्टाइलिस फेसन तयार हुन्छ। महँगो लगाउँदैमा राम्रो देखिन्छ भन्ने विश्वास म गर्दिनँ। ठिक्क रेन्जका डिजाइन पनि हामी बनाउँछौँ। कलर कम्बिनेसन र फिनिसिङले ठिक्क रेन्जको कपडामा पनि मानिस स्मार्ट देखिन सक्छ।'

सुटमाला बागबजारको केएमसी कलेज अगाडि रहेको छ। टेलरिङ सीप मूलक पेशा भएकाले उनी सुटमालालाई विद्यालय नै भन्न रूचाउँछन्। फेसन डिजाइनको दुनियाँमा सुटमालालाई वर्कसप अर्थात लाइबेरीका रूपमा चिनाउने प्रोपाइटर कार्कीको सपना रहेको छ।

उनले व्यवसायीहरूको हकहितका लागि स्थापित नेपाल कपडा तथा सिलाई व्यवसायी संघमा रहेर अध्यक्षको नेतृत्व पनि सम्हालिसकेका छन्। त्यस्तै व्यवसायी महासंघका केन्द्रीय सदस्य तथा बागमती प्रदेशका सचिवसमेत रहेर कार्यअनुभव सम्हालेका छन्। अहिले उनी संघसंस्था भन्दा पनि आफ्नो व्यवसायलाई महत्व दिएर सुटमालाकै बजार विस्तारमा व्यस्त छन्।




– कर तिरी सभ्य नागरिकको परिचय दिऔं ।
– नक्सा पास नगरी घर निर्माण नगरौं ।
– जन्म, विवाह र मृत्य दर्ता गर्ने बानी बसालौं ।

गोकर्णेश्वर नगरपालिका
नगरपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं

म्यूजिक खबर पाक्षिकका लागि प्रकाशक/सम्पादकः सविता पोखरेल (९८४१७१०७५१), प्रधान सम्पादकः सुमन बैरागी (९८५१००७४३०), निर्देशकः मिलन मोक्तान (९८५१०२३५७६)
कार्यालयः कपुरधारा, काठमाडौं । फोनः ०१-४०१०५४५ इमेलः musickhabar .com@gmail .com, musickhabarnews@gmail .com, मुद्रणः लक्ष्मी गणेश प्रेस प्रा.लि. बागबजार काठमाडौं